# नयाँ सन्दर्भ साप्ताहिक

Naya Sandarbha Weekly

वर्ष : २५ अंक : १ पृष्ठ ६ भद्रपुर वि.सं. २०७७ साउन ११ *(July 26, 2020)* नेपाल सम्वत ११४० मुल्य : रु.१०।-



सबैको रोजाई

मेची अञ्चल मै एक मात्र
सबै रोगहरुको भरपर्दो उपचारका
लागि अत्याधुनिक उपकरण जडित
विश्वसनीय चिकित्सकहरु भएको
चिकित्सा प्रतिष्ठान

अध्यक्ष : गोपालकुमार बस्नेत

विर्तासिटी हस्पिटल
विर्तामोड, झापा


### संक्रमण प्रतिरोधात्मक उपाय बेगरै

# भद्रपुरमा मापदण्ड विपरीत विद्यालय सञ्चालन हुँदै

भद्रपुर । भद्रपुर नगर क्षेत्रमा स्वास्थ्य सावधानी अपनाएर विद्यालय सञ्चालन गर्न अनुमती दिने निर्णय गरेको भद्रपुर नगर शिक्षा समितिले विद्यालयको भौतिक पुर्वाधार तथा रोग संक्रमण नियन्त्रणका लागि गरेका प्रतिरोधात्मक उपाय बारे अनुगमन गरिनसक्दै अधिकाम्स विद्यालय सञ्चालनमा आएको पाइएको छ ।

नगर शिक्षा समितिका अध्यक्ष तथा भद्रपुर नगर प्रमुख जीवनकुमार श्रेष्ठको नेतृत्वमा शिक्षा, स्वास्थ्य सहितको प्राविधिक टोलीले तत्काल विद्यालय सञ्चालन गर्न आवश्यक पुर्वाधार पूरा गरे नगरेको स्थलगत अनुगमन गरेपछि मात्र सञ्चालित हुनु पर्नेमा यस अगावै सञ्चालनमा रहेका अधिकाम्स विद्यालयले नगर सरकारको निर्णय नमानेको पाइएको हो ।

कोरोना संक्रमण उच्च रहेको सिमावर्ती भारतको विहार वंगालसित सिमाना जोडिएको भद्रपुर नगरमा न्युनतम मापदण्ड पूरा नगरी सञ्चालित विद्यालयमा कोरोना संक्रमण त्रास बढेको छ । यस्ता विद्यालयहरूले शिक्षक, अभिभावक, बाल क्लबलाई समेत बेवास्ता गर्दै आफू खुसी विद्यालय खोलेको आरोप समेत लाग्न थालेको छ ।

भद्रपुर नगर शिक्षा समितिको मिति २०७७/०४/०८ गते बसेको बैठकले विद्यालय संचालनमा ल्याउन विद्यालय संचालन कार्यविधि २०७७ अपनाउनु पर्ने निम्न अनुसारको निर्णय गरेको थियो ।

विद्यालय संचालन कार्यविधि २०७७

नेपाल सरकार तथा नगरपालिकाले जारी गरेको कोभिड १९ संक्रमण रोकथाम, नियन्त्रण तथा उद्धार गर्न जारी गरिएका मापदण्ड ,स्वास्थ्य एवं सुरक्षाको नियमहरू पालना गरिगराई यो कार्यविधि२०७७ भद्रपुर नगरपालिका क्षेत्र भरी कार्यान्वयन हुनेछ । यस कार्यविधमा सामुदायिक तथा संस्थागत विद्यालयको पठनपाठनका मुख्य पाँच पक्षहरू विद्यालय, विद्यार्थी, अभिभावक, स्वास्थ्य शाखा र शिक्षा ,युवा तथा खेलकुद शाखाले पालना गर्ने अलग–अलग मापदण्ड तपशील बमोजिम तयार गरी संचालन गरिनेछ ।

१) विद्यालय पक्षले -

क) कक्षा कोठा र विद्यार्थी बस्ने सिट प्लानिङ्ग (दुरी कायम गर्न) र शिक्षकहरूको पठनपाठनको कार्य तालिका तयारी गर्नु पर्नेछ ।

ख) बाल क्लब र अभिभावकहरूसँग पठनपाठन संचालन वारे संवाद र कोभिड १९ संक्रमणबाट बच्ने उपाय वारे सचेतनता कार्यक्रम नगर स्वास्थ्य शाखाको समन्वयमा संचालन गर्नु पर्नेछ ।

ग) केस ईन्भेस्टिगेसन र कन्ट्याक्ट ट्रेसिङ्गको प्रयोजनको लागि विद्यार्थी र अभिभावकको मोबाईल वा ईमेल ठेगानासहित समेटिएको अभिलेख तयार गर्नुपर्नेछ ।

घ) गुणस्तरीय स्यानिटाईजर र डिस इन्फेक्सन गर्ने डिभाईस (मेसिन ) र सो कार्यकालागि प्रयोग गरिने स्यानिटाईजर , ५५ हाईपोकोलोराईड वा क्लोरिन वा ब्लिचिङ्ग वा भाईरेक्स वा स्वास्थ्य शाखाले तोकेको गुणस्तरीय औषधिको व्यवस्थापन गर्नु पर्नेछ ।

ङ) साबुनसहित हातधुने समुचित प्रविधियुक्त स्थानको व्यवस्था गर्नुपर्नेछ ।

च) स्वच्छ पिउने पानि, मनतातो पानि समय–समयमा पिउने व्यवस्था गरिनु पर्नेछ ।

छ) विद्यार्थीहरूको गतिविधि वा स्वास्थ्य प्रतिकुलता भए वा नभएको अवस्था वारे जानकारी गर्ने र सतर्कता वारे ध्यान दिन विद्यार्थीलाई पटक–पटक जानकारी गराउनु पर्नेछ ।

ज) सवारी साधनको व्यवस्थित र सुरक्षित रूपमा प्रयोग हुन पर्ने ।

झ) घर जाने समयमा स्कुल व्याग डिस ईन्फेक्सन गर्ने ।

२) विद्यार्थी पक्षले -

क) मास्क अनिवार्य लगाउने र सामाजिक दुरी (एक–अर्कामा संपर्कित नहुने) कायम गर्नु पर्नेछ ।

ख) समय–समयमा साबुन पानिले हात धुनु र आफ्नो साथमा रहेको वा विद्यालयमा राखिएको स्यानेटाईजरको उचित प्रयोग गर्नु पर्नेछ ।

ग) फोहोर उत्सर्जन नगर्ने र फोहोरको उचित वा तोकिएको स्थानमा व्यवस्थापन गर्नुपर्नेछ ।

घ) ध्रुमपान,मध्यपान वा प्रतिबन्धित पदार्थ प्रयोग गरिने छैन ।

ङ) चिसो जन्य वा शरीरिक प्रतिकुलता बढाउने खाना–खाजा खान पाइने छैन ।

छ) खाजा घरबाटै ल्याउने र आफुले मात्र खानु पर्नेछ ।

ज) जथाभावी हाच्छिँउ गर्न र थुक्न पाइने छैन ।

झ) घरबाट विद्यालय र विद्यालयबाट घरको सोझो यात्राबाहेकका बजारमा अन्य संम्पर्क गरिने छैन ।

ञ) घर फर्किएपछि लगाएका पोसाक सर्फपानीको बाल्टिमा खोल्ने र केहि समय पछि धुने र अनिवार्य स्नान गर्नु पर्नेछ ।

ट) ज्वरो, रुघाखोकी वा स्वास्थ्य प्रतिकुल भए विद्यालय नआउने र सो को सूचना स्वास्थ्य शाखालाई दिनु पर्नेछ ।

ठ) कोभिड १९ संक्रमणबाट बच्ने मापदण्डको पूर्ण पालना गर्नुको अतिरिक्त विद्यार्थीले पालन गर्नु पर्ने अनुसासन सम्बन्धि नियमको पालन गर्ने ।

३) अभिभावक पक्षले -

क) विद्यार्थीले निजी प्रयोग गर्ने मास्क, पञ्जा, स्यानेटाइजर उपलब्ध गराउनु पर्नेछ ।

ख) घरबाटै खाजा बनाइ पठाउनु पर्नेछ ।

बाँकी पृष्ठ ६ मा

## आन्दोलनप्रति समर्थन गर्दै अन्तराष्ट्रिय संगठनले तलव दिन आग्रह

भद्रपुर । शिक्षकहरूको अन्तरास्ट्रिय संगठन इजुकेशनल इन्टरनेशनल (इआइ) ले नेपालमा कार्यरत संस्थागत विद्यालयका शिक्षक कर्मचारीको तत्काल सवै तलव भुक्तानी गर्ने व्यवस्था मिलाउन नेपालका प्रधानमन्त्रीलाई आग्रह गरेको छ ।

संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) सदस्य रहेको सो संगठनले विश्व मानव अधिकार समेतको ख्याल गरेर श्रमिकको बाँच्न पाउने अधिकारको रक्षाका लागि दायित्व बोध गर्न नेपालका प्रधानमन्त्रीलाई पत्रलेखी सस्थागत विद्यालयका शिक्षक तथा कर्मचारीहरूलाई तत्काल सबै महिनाको तलब भुक्तानीको व्यवस्था गर्न आग्रह गरेको हो ।

विश्वका १०३ राष्ट्रसम्म विस्तारित भइसकेको इआइले सन्सारभरका विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको हक अधिकार रक्षाका लागि काम गर्दै आएको छ ।

नेपालमा कार्यरत अधिकाम्स शिक्षक कर्मचारीले गएकै शैक्षिक वर्षको तलव नपाएपछि दुई महिनायता इस्टुले सामाजिक न्यायका लागि आन्दोलन गरिरहेको छ ।

आन्दोलनमा जानु पर्ने बाध्यता संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीले काम गरिसकेको समयको तलव पाउन नसकेको तथा सरकारले समेत शिक्षक कर्मचारीको जीवन रक्षाका लागि पहल नगरेपछि इस्टु सडक आन्दोलनमा उत्रेको हो ।

बौद्धिक श्रमिकका रूपमा रहेका संस्थागत विद्यालयका शिक्षक, कर्मचारी, चालक, सहचालक लगायतलाई काम लगाउने अधिकाम्स विद्यालयले काम गरिसकेको समयको पारिश्रमिक नदिँदा गाँस जुटाउन समस्या उत्पन्न भएको छ भने सामाजिक न्याय र बाँच्न पाउने अधिकार समेतको अपहरण भएपछि अपमान बोध गर्दै शिक्षक कर्मचारी सडकमा आउन बाध्य भएका छन् ।

## नेपाली कांग्रेसको विर्तामोडमा संशोधित विधानबारे प्रशिक्षण



–सन्दर्भ समाचारदाता

विर्तामोड । नेपाली कांग्रेसको १४ औं महाधिवेशनका लागि कार्यतालिका सार्वजनिक भएसँगै झापाका सबै गाउँर नगरका वडाहरुमा क्रियाशिल सदस्यता नवीकरण प्रारम्भ भएको छ। नविकरण प्रारम्भ भएसँगै संसोधित विधानका प्रावधानबारे जानकारी गराउन नेपाली कांग्रेस झापा क्षेत्र नं-२ ले प्रशिक्षण सम्पन्न गरेको छ ।

क्षेत्र नं-२ अन्तर्गत प्रदेश क्षेत्र, गाउँर नगर र वडाका सभापतिहरु सहभागी कार्यक्रममा क्रियाशिल सदस्यता नवीकरण, नयाँ वितरणको प्रक्रिया, टोल, वार्ड, गाउँर नगर, प्रदेश क्षेत्र, संघीय क्षेत्र, जिल्ला, प्रदेश र केन्द्रीय समिति गठनको प्रावधानका बारे प्रशिक्षण दिइएको हो । कार्यक्रममा डि.एल.ए. झापाका पूर्व अध्यक्ष बसन्त नेपाल र नेपाली कांग्रेस झापा प्रचार-प्रसार विभाग संयोजक कृष्ण हुमागाईले प्रशिक्षण दिनुभएको थियो ।

विधानमा रहेका ब्यवस्थाका बारे सहभागीहरुले उठाएको जिज्ञाशामा नेपाली कांग्रेस केन्द्रीय सदस्य सुधिर कुमार शिवाकोटी र सरिता प्रसाई, नेपाली कांग्रेस झापाका सभापति उद्धव थापा, पूर्व सांसद डिल्ली सिटौला लगायतले जवाफ दिनुभएको क्षेत्रीय सहसभापति धर्म लक्सम्बाले जानकारी दिनुभयो । सबै तहका निर्वाचनमा टोल तथा वार्डको भूमिका महत्वपूर्ण हुने बताउँदै वक्ताहरुले टोल र वडा समितिलाई सशक्त बनाउन आग्रह गर्नुभएको थियो नेपाली कांग्रेस २ नं क्षेत्रीय सभापति खगेन्द्र मैनालीको सभापति त्वमा सम्पन्न सो भेलाले १३ औं महाधिवेशनमा नवीकरण छुट भएर अन्य पार्टीमा नगएकाहरुको क्रियाशिल सदस्यता नविकरण गर्ने निर्णय गरिएको क्षेत्रीय सचिव किरण श्रेष्ठले जानकारी दिनुभयो । मुलुक संघीय संरचनामा गएपछि कांग्रेसले सोही अनुरुप भातृ तथा संगठन विस्तारका लागि कांग्रेसको विधान संशोधन भएको छ ।

कोरोना भाइरसका कारण २०७६ फागुन १३ गते निर्धारित कार्यतालिका प्रभावित भएपछि गत असार २२ गते सम्पन्न कांग्रेस केन्द्रीय समितिको बैठकले नयाँ कार्यतालिका सार्वजनिक गरेको हो । जस अन्तर्गत साउन १० गतेभित्र संघीय संरचना अनुरुप समायोजन नभएका वार्ड, गाउँ/नगर, प्रदेश समितिहरु समायोजन गरिसक्नुपर्ने, साउन मसान्तसम्ममा क्रियाशिल सदस्यता नवीकरण तथा वितरण सम्पन्न गर्ने, भदौ मसान्तसम्ममा क्रियाशिल सदस्यता जिल्लाबाट केन्द्रमा पठाउने, असोज १५ भित्र क्रियाशिल सदस्यता छानविन प्रक्रिया सकेर मंसिर मसान्तसम्ममा क्रियाशिल सदस्यता वितरण सम्पन्न गर्ने कार्यतालिका छ ।

यसैगरी पुस ६ गते वडा अधिवेशन, पुस ८ गते गाउँर नगर अधिवेशन, पुस ११ गते प्रदेशसभा क्षेत्रीय अधिवेशन, पुस १३ गते प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन तथा एकमात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएका जिल्लामा जिल्ला अधिवेशन, पुस १६ गते एकभन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लाको जिल्ला अधिवेशन, माघ ६ गते प्रदेश अधिवेशन र २०७७ फागुन ७, ८, ९ र १० गते केन्द्रीय महाधिवेशन तय गरेको छ ।



समृद्ध नेपाल, सुखी नेपाली


भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय
भद्रपुर (झापा) प्रदेश नं. १ को

जनहितमा जारी सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी–किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।



अर्जुनधारा नगरपालिकाको कार्यालय
शनिश्चरे (झापा) प्रदेश नं. १ को

जनहितमा जारी सूचना



- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी–किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।



रोश्नी ज्वेलर्स
भद्रपुर-१० (बजार लाईन), चन्द्रगढी
प्रो. रञ्जु साह/ मुकेश साह
२४ क्यारेट
सम्पर्क : ९८६३६१४२७०
विना रसायन





सुनगाभा सपिङ्ग सेन्टर
भद्रपुर-१० (चन्द्रगढी), झापा
सेन्चुरी बैंक तल
०२३४५५९७२
निरज निरौला
९८५२६२९२७७
घर तथा अफिस डेकोरेसन तथा फर्निसिङ्ग सामाग्रीको थोक तथा खुद्रा विक्रेता




नयाँ सन्दर्भ साप्ताहिक
Naya Sandarbha Weekly
वि.सं. २०७७६ साउन १ (July 26, 2020) झा.जि.हु.द.नं. ७१/०७५-७६ जि.का. झापा द.नं. ४८/०५२/०५३ 

**–भद्रपुरमा....**

ग) प्रयोग भएको पोसाक र ब्याग सरसफाई वा संक्रमणबाट सुरक्षित गरि दिनु पर्नेछ ।

घ) घरबाट विद्यालयसम्म जाने र फर्कि आउने अवस्थासम्म पूर्ण निगरानी राख्नु पर्नेछ ।

ङ) संक्रमण पुष्टि भए उपचारकालागि तथा केश ईन्भेस्टिगेसन र कन्ट्र्याक्ट ट्रेसिङ्गका लागि स्वास्थ्य शाखालाई सहयोग गर्ने ।

च) स्वास्थ्य प्रतिकुल भए विद्यार्थी घरमा राख्ने, हिडडुलमा प्रतिबन्ध लगाउने र थप ईन्भेस्टिगेसनका लागि स्वास्थ्यकर्मीको सम्पर्क गर्ने ।

४) नगर स्वास्थ्य शाखा पक्षले

क) पिसिआर परिक्षणका लागि स्वाव नमुना संकलन उचित व्यवस्था गर्ने । कोभिड १९ संक्रमण पुष्टि भए उपचारका लागि प्रदेश सरकारले व्यवस्थापन गरेको अस्पतालसम्म पुर्याइ उपचारको प्रबन्ध गर्ने ।

ख) कोभिड १९ संक्रमणबाट बच्न, बचाउन आवश्यक राय परामर्श दिने ।

ग) स्वास्थ्यमा प्रतिकुलता तत्काल देखिए वा संक्रमणको लक्षण मिल्दोजुल्दो भए कक्षा वा घरको सम्पर्कबाट हटाइ थप अनुसन्धान गर्न सहयोग गर्ने ।

घ) केश ईन्भेस्टिगेसन र कन्ट्राक्ट ट्रेसिङ्गका लागि थप मद्धत लिइ आवश्यक व्यवस्था गर्ने ।

ङ) अन्य स्वास्थ्य सम्बन्धि परामर्श वा निर्देशन गर्ने ,

५) शिक्ष, युवा तथा खेलकुद शाखा पक्षले -

क) विद्यालयमा स्वास्थ्य र सुरक्षा व्यवस्थापन के कसरी गरे वा नगरेको , कक्षा कोठा वा सिट प्लानिङ्ग, पठनपाठन कार्यतालिका अभिलेखित गर्ने र अनुगमन गरी आवश्यक परामर्श दिने ।

ख) विद्यालयले विद्यार्थी सम्बन्धि तयार पारेको अभिलेख प्रमाणीकीकरण गरी राख्ने ।

ग) समय–समयमा तोकिएको नेपाल सरकार स्वास्थ्य मन्त्रालय वा गृह मन्त्रालयले कोभिड १९ संक्रमणबाट बाँच्न बचाउन जारी गरेको मापदण्ड कार्यान्वयन भए नभएको अनुगमन गरी लागु गर्ने गराउने ।

घ) पठनपाठन संचालन गर्न गराउन आवश्यक मापदण्ड पूरा भए नभएको अनुगमन गरी संचालन अनुमति दिनेछ ।

१) नेपाल सरकार शिक्षा तथा विज्ञान, प्रबिध मन्त्रालयले जारी गरेको प्रारम्भिक मापदण्ड , निर्देशन अनुसार पठनपाठन कार्य सुरक्षित गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक संघ, प्याब्सन–एन प्याब्सन र ईस्टु , शिक्षक सम्बन्धित संघ संगठन, वडा समिति तथा टोल विकास समिति समेतलाई जिम्मेवारी बाँडफाँड गरी सामुहिक जिम्मेवारी र दायित्व बोधका साथ कार्य गरिनेछ ।

२) संस्थागत विद्यालयबाट पिसिआर परिक्षण बापत न्यूनतम् लागत सहभागिता गरिनेछ ।

नगर शिक्षा समितिले तय गरेका माथिका कुनै पनि मापदण्ड अनुशरण नगरी नगरभित्र साउन लाग्नु अगावैबाट केही संस्थागत विद्यालयमा पठनपाठन भइरहेको भए पनि नगर सरकारले कारवाही गर्न सकिरहेको छैन ।

**मेचीनगरको......**
५, तनहुँ १, अछाम २, कालीकोट ३, दैलेख ३, हुम्ला १, जाजरकोट ६, मुगु २, सुर्खेत ११, डढेलधुरा ८, डोटी १३, बैतडी ३ जना रहेका छन् उनका अनुसार कोरोना संक्रमण पुष्टि भएका संक्रमितहरु सबैको स्वास्थ्य अवस्था सामान्य रहेको छ भने उनीहरु चिकित्सकको निगरानीमा रहेका छन् । संक्रमण पुष्टि भएकाहरुको सम्पर्कमा रहेकाहरुको कन्ट्र्याक ट्रेसिङ गर्ने कार्य भईरहेको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार हाल क्वारेन्टिनमा १८ हजार १८३ जना रहेका छन् । नेपालमा हाल सक्रिय संक्रमितको संख्या ५ हजार ३४५ छ । नेपालमा बितेको २४ घण्टामा थप १ सय ६ जना कोरोना संक्रमण मुक्त भएका छन् । योसँगै नेपालमा कोरोना संक्रमण मुक्त भई अस्पतालबाट डिस्चार्ज हुनेको संख्या १३ हजार ५३ रहेको छ । नेपालमा ७०.७ प्रतिशत संक्रमित निको भएका छन् ।

कोरोना संक्रमणबाट थप एक जनाको मृत्यु भएको छ । योसँगै नेपालमा कोरोना भाइसबाट मृत्यु हुनेको संख्या ४५ पुगेको मन्त्रालयले जनाएको छ । मृत्यु हुनेमा बारा परवानीपुरकी १७ वर्षिय महिलाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । गण्डक कोभिड अस्पताल वीरगंजमा उनको हिजो साँझ मृत्यु भएको स्वास्थ्य मन्त्रालयका प्रवक्ता जागेश्वर गौतमले जानकारी दिए ।

रौतहट कैलाली र बाजुरा जिल्लामा ५ सयभन्द बढी संक्रमित उपचाररत छन् भने पाँचथर, भोजपुर, संखुवासभा, रसुवा, मनाङ र मुस्ताङ गरी ६ वटा जिल्ला संक्रमणमुक्त रहेका छन् ।

विद्यार्थी, शिक्षक, कर्मचारी
परिचय-पत्रको लागि
कम्प्युटर प्वाइन्ट चन्द्रगढी
भद्रपुर-६ (चन्द्रगढी), झापा
सम्पर्क : ०२३४५५७०६


नायिका : क्रिस्टिना गुरुङ्ग



गौरीगञ्ज गाउँपालिकाको कार्यालय
गौरीगञ्ज, झापा




विविध जातका फूलका बिरुवा तथा बिउबिजनका लागि हामीलाई सम्झनुहोस् ।
न्यू उदेश नर्सरी
भद्रपुर-८, झापा


अर्गानिक चिया पिऔं, स्वास्थ्य जीवन जिऔं
ग्रिनहिल टी हाउस
अर्गानिक ग्रिन टी | ध्यू, छुर्पी
गोल्डेन टी | अकबरे खोर्सानी
ह्वाईट टी | किवि फल, ललीपप
अर्थोडक्स टी | ग्राउन एप्पल
हामी कहाँ यी सामग्री सुपथ मुल्यमा उपलब्ध छन्
सम्पर्क : ९८५२६४६४१०, ९८४२६४६४१०
उत्पादक : ग्रिनहिल अर्थोडक्स चिया प्रशोधन उद्योग, साखेजुङ्-४, इलाम

निर्माण जगतमा
मजबुद नाम
मनषा सिमेन्ट




एल जी, व्हर्लपूल लगायत ब्राण्डका विद्युतीय घरायसी सामानहरुका लागि सम्झनु होस्
अमृत इन्टरप्राइजेज
भद्रपुर-७ (चन्द्रगढी), झापा
सम्पर्क : ०२३४५७०७८

नेपाल स्वर्णकला भवन
झापाको एक मात्र २४ क्यारेटको रसायन बिनाको गहनाको लागि
भद्रपुर-६ (झापा)
फोन नं. : ०२३-५२०३५९
म्यानेजिङ्ग डाइरेक्टर
सुभाषरत्न शाक्य
यहाँ हरेक डिजाइनका सुन र चाँदीका गहनाहरु ग्यारेन्टीका साथ बनाइन्छ ।
बिहीबार पसल बन्द रहने छ ।


निर्माण जगतमा
एक मजबुद शक्ति
ने.गु.नं. ३८५
GC
ISO 9001:2008
Reg. No. RQ977/6760
गोरखकाली सिमेन्ट
AN ISO 9001:2008 CERTIFIED COMPANY

HOTEL DANIEL
Our Facilities
- Room Service (Housekeeping/ Laundry)
- Spacious Car Parking
- Car Rental & Airlines Ticket Booking
- A/C Rooms With Adeequate Hot & Cold Water
- Conferance Hall
- Family Restaurant Cum Bar
- E-Mail, Internet, ISD, STD And Postal
- Airport Pick Up And Drop

Dambar Thapa
Managing Director
Contact No. : 023-543129
Sanichare Rod, Birtamode-6, Jhapa
Email : hoteldanielbtm@yahoo.com, dambarthapa022@gmail.com

ओम साई पाथीभरा हस्पिटल प्रा.लि.
भद्रपुरमा अब थप नयाँ सेवासहित
❖ल्याप्रोकोपी सर्जरी सेवा ❖स्त्री तथा प्रसुति रोग विशेषज्ञ सेवा ❖नाक, कान तथा घाँटी रोग विशेषज्ञ सेवा :
❖फिजिउसियन विशेषज्ञ सेवा ❖दन्त रोग विशेषज्ञ सेवा :
❖डायलाईसिस सेवा र डायलाईसिस गर्नु पर्दा लगाईने फिस्टुला सेवा ❖ बाल तथा नवजात शिशुरोग विशेषज्ञ सेवा ❖ मानसिक तथा स्नायुरोग विशेषज्ञ सेवा ❖ छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ सेवा
❖ भिडियो एक्स-रे सेवा ❖ मुटुको ईसीजी तथा ईको कार्डियोग्राफी सेवा ❖ पेटको ईण्डोस्कोपी सेवा
फिजियोथेरापी सेवा ❖ एसी क्याबीन तथा जनरल क्याबीन रुम सेवा
चौबिसै घण्टे सेवा : इमरजेन्सी सेवा, सिटी स्क्यान सेवा, डिजिटल एक्स-रे सेवा, प्याथोलोजी (ल्याब) सेवा, फार्मेसी सेवा, एम्बुलेन्स सेवा
भद्रपुर-९, सगरमाथा चौक, झापा, फोन नं. : ०२३-४५६५८१, ४५६९८१ मो. नं. : ९८५२६७८८२०

नयाँ सन्दर्भ साप्ताहिक । प्रकाशक तथा सम्पादक : गोविन्द चन्द छेत्री ९८४२६३७०८४ । कार्यकारी सम्पादक : द्रोण अधिकारी ९८४२६२८७९१ । कार्यालय : भद्रपुर-८, झापा, ०२३५२००९३
सह-सम्पादक : विगम श्रेष्ठ ९८०४९१६३२१। व्यवस्थापक : गोविन्द कोइराला । प्रमुख सम्वाददाता:राधा खनाल। कम्प्युटर:अलिसा श्रेष्ठ । वेनाम सुब्बा । Email : nayasandarva@gmail.com मुद्रण राजु प्रिन्टीङ् प्रेस, विर्तामोड

# सम्पादकीय

## कोरोना संक्रमण काल मै विद्यालय सञ्चालन गर्नु कति उचित ?

सरकारले विश्वव्यापी रूपमा फैलिरहेको कोभिड १९ (कोरोना भाइरस) संक्रमणको जोखिम रहेकै बेलामा बन्दाबन्दी अन्त्य गरेको छ । रोग संक्रमणको जोखिम बढ्न नदिन पूर्वसावधानी तीव्र बनाउँदै २०७६ चैत ११ गतेबाट अत्यावश्यक काम बाहेक आवतजावत, हिडडुल नगर्ने, हवाइ तथा यातायात पूर्ण बन्द गर्ने, सांस्कृतिक, सामाजिक र त्यस्तै कार्यहरूमा पार्टीप्यालेस, मन्दिर, गुम्बा, मस्जिद, चर्च जस्ता धार्मिक र सार्वजनिक स्थलरूमा भेला हुन नपाउने तथा मलामी जाँदा २५ जना भन्दा बढी मानिसरू भेला हुन बन्द गर्ने जस्ता निर्णय सहित गरिएको बन्दाबन्दी झण्डै चार महिनापछि यही साउन ७ गते मध्यरातबाट अन्त्य भएको छ । त्रासद मनोदशाले आक्रान्त बनेका बेला आम नागरिकले यसको सामना गर्ने जुक्ति सोचेर जीवनयापनमा नयाँ शैली अपनाउन त थाले । यस अवस्थामा आइपरेको विपत्ति पक्कै प्राकृतिक हो तर, सामनाको मुख्य पाटो चिकित्सा विज्ञान मान्नु पर्छ । यसकाकारण सामाजिक-आर्थिक-राजनीतिक कम्पनहरू आए भन्दैमा मानवीय स्वास्थ्य जटिलता थप्ने वातावरण निर्माण हुनु हुँदैन । सरकारलाई थाहा थियो, बन्दाबन्दी घोषणा गलत समयमा भएकाले यसको अरू बढी समय सामना गर्न कठिनाइ आइपरेको छ । सोही कारण बन्दाबन्दी त समापन गरियो तर रोग संक्रमण समापन हुने अवस्था निर्माण भएकै छैन ।

यसै अवधिमा नेपालको पूर्वी सिमान्त शहर भद्रपुर नगर क्षेत्रमा स्वास्थ्य सावधानी अपनाएर विद्यालय सञ्चालन गर्न अनुमती दिने निर्णय गरेको भद्रपुर नगर शिक्षा समितिले विद्यालयको भौतिक पुर्वाधार तथा रोग संक्रमण नियन्त्रणका लागि गरेका प्रतिरोधात्मक उपाय बारे अनुगमन गरिनसक्दै अधिकाम्स विद्यालय सञ्चालनमा आएका छन् । नगर शिक्षा समितिका अध्यक्षको नेतृत्वमा शिक्षा, स्वास्थ्य सहितको प्राविधिक टोलीले तत्काल विद्यालय सञ्चालन गर्न आवश्यक पूर्वाधार पूरा गरे नगरेको स्थलगत अनुगमन गरेपछि मात्र सञ्चालित हुनु पर्नेमा यस अगावै सञ्चालनमा रहेका अधिकाम्स विद्यालयले नगर सरकारको निर्णय नमानेको पाइएको अवस्था छ । कोरोना संक्रमण उच्च रहेको सिमावर्ती भारतको विहार र वंगाल राज्यसित सिमाना जोडिएको भद्रपुर नगरमा न्युनतम मापदण्ड पूरा नगरी सञ्चालित विद्यालयमा कोरोना संक्रमण त्रास बढेको छ । यस्ता विद्यालयहरूले शिक्षक, अभिभावक, बाल क्लबलाई समेत बेवास्ता गर्दै आफू खुसी विद्यालय खोलेको पाइएको छ ।

नगर सरकारले शिक्षा सञ्चालनको अधिकार प्रयोग गरी यही साउन ८ गते विद्यालय सञ्चालनका लागि मापदण्ड तय गरेको भए पनि नगर क्षेत्रमा साउन १ गतेबाटै केही निजी विद्यालय सञ्चालकहरूले आफूखुसी विद्यालय सञ्चालन गरिरहेका छन् । नगर सरकार छ तर नियम मिच्ने तथा स्वास्थ्य जोखिम बढाएर व्यापारमा लाग्ने संस्थागत विद्यालयलाई कानुनी दायरामा ल्याउने हिम्मत देखिएको छैन । यस खालका गतिविधि विरूद्ध नगर बाल सञ्जालले विरोध गरेको भए पनि सुनुवाइ हुन सकेको छैन । अहिले पनि संघीय सरकारले विद्यालय खोल्न अनुमती दिएको छैन । स्वास्थ्य मन्त्रालयले कोरोना संक्रमण जोखिम कम नभएका कारण विद्यालय सञ्चालन गरिनु नहुने सुझाव दिइरहेका बेला भद्रपुरमा विद्यालय खोलिने निर्णय आउनु कति सहज र उपयुक्त निर्णय हो ? समयले उत्तर देला तर सरकारको नीति र नियम मिचेर व्यापार गर्न खोज्नेहरू कानुनी दायरामा ल्याइनु अहिलेको आवश्यकता हो ।

# नाङ्गो चाकलाइ जिन्दावाद भन्न सकिन्न



–ज्ञानमणि भूर्तेल

लाज छैन ? छ नि ! कसरी नहुनु ? त्यै लाजको पोको त बाँकी छ नि अहिले ! हो ! पहिले चैं थिएन ! जतिबेला तपाईं सुदुर पश्चिमबाट आएको सोझो विद्यार्थी हुनुहुन्थ्यो ! 'बा' हैन 'पा' लेख्नुहुन्थ्यो ! पञ्चायत विरुद्ध संघर्ष गर्दैहुनुहुन्थ्यो ! प्रजातन्त्रप्रति तपाईंको निष्ठा, पञ्चायत विरुद्धको जोस जाँगर, साथिभाईबीच प्रेमभाव !! गाउँले सोझो युवक रोटिलाई समेत रोटा भन्ने ! हो ! त्यसबेलासम्म नि लाज थिएन ! लोकल चुस्की लाउन समेत शुक्रबार कुरेर भोटेबहालको साथीको डेरा धाएको मौका पारेर सर्ट पाईन्टमा आईरन दल्न भ्याउँदासम्म पनि लाज सरम थिएन ! मायाँ नै थियो, प्रेम थियो !

पञ्चायत छिर्ने संकेत पाएपछि किशुनजीले पढ्ने बहानामा बेलायत पठाईदिनु भो ! लाज लाग्नै पाएन ! (उसबेला किशुनजीले आईडिया नलाउनु भएको भए आज कमल थापाको घर तपाईंको डेरा हुन्थ्यो) ! बहुदल आयो ! तपाईं फर्किनु भो ! काङ्ग्रेसबाट टिकट पाउनु भो ! सुदुर पश्चिमका १९ मध्ये १८ सिट काङ्ग्रेसका पोल्टामा पार्ने श्रेय बापत गृहमन्त्रीको पदक पाउनु भो ! 'शेरे पश्चिम' पनि भन्न थाले कसै कसैले !

साँच्चै भनेको ! त्यसबेलासम्म पनि लाज थिएन ! निर्लज्ज नै थिएँ, बेसरम थिएँ ! तर जब गृहमन्त्री हुनु भो ! बिनोद शमशेर को ज्वाईं हुनु भो ! रोटाबाट ब्रेडमा पुग्नु भो ! लोकलको लेबल ब्लाक लेबलमा उक्लियो (अब लाज सुरु भो ! झन प्रधानमन्त्री भएपछि त काङ्ग्रेसको नेता भन्दा बढी राणाको ज्वाईं देखिन थालेपछि तपाईंको राजनैतिक उत्थान सँगसँगै मेरो लाजको उत्थान पनि हुँदै गयो ! पजेरो संस्कृती तपाईंकै देन हो ! सांसद खरि दबिक्रीको पसल खोल्ने पहिलो ब्यापारी तपाईं नै हैन र ? हो ! त्यसबेला पनि लाज लाग्यो ! तपाईंको निकम्मापनका कारण 'तेरो काङ्ग्रेस' भनेर कुनै ठेट्नाले धारेहात लाउँदा समेत निर्लज्ज हाँसो हाँस्न बाध्य मलाई त्यसबेला लाज लाग्यो जुनबेला ज्ञानेन्द्रले तपाईंलाई निकम्मा साबित गरेर जेल हाले ! सत्ते ! धरोधर्म त्यसबेला पनि लाज लाग्यो ! बीचबीचमा लाज लाग्दै गयो ! चुनावताका मेडमलाई लोकल बनाउन कैलालीमा करोडौंको महल किनेको सुन्दा पनि लाज लागेकै हो ! झन् राजदूत काण्ड, आईजिपी काण्ड, प्रधानन्यायाधीश काण्ड पछि त मलाई लाज नहुने कुरै भएन ! यति बिघ्न लाजको भारी सहेर बसेको मलाई तपाईं कसरी हप्काउन सक्नुहुन्छ- लाज छैन ? भनेर !

मसँग लाज छ ! प्रशस्तै छ ! प्रचूर मात्रामा छ ! तपाईंले हप्काउनु भो- नेबिसंघ कहाँ छ ? भनेर ! तपाईंसँगै छ त नेबिसंघ जसलाई तपाईंले आफ्नो भित्री बस्त्र बनाउनु भएको छ ! बाथरुम पस्दा खोल्नुहुन्छ ! बाहिर हिँड्दा लाउनु हुन्छ ! तपाईंको लाज छोप्ने जिनिस बनेको छ नेबिसंघ ! आफू निर्लज्ज बनेर ! दूरि कायम नगरेको, संगठन नभएको, गाउँ नगएको ! के के हो, के के ? दूरि कायमै छ ! काङ्ग्रेस र नेबिसंघको भेट नभएको जुगौं भैसक्यो ! भेटघाट छैन !

अब म तपाईंलाई सोध्छु है त, काङ्ग्रेस कता छ ? संगठन किन ? के का लागि ? कुनै दिन तपाईंको छोरालाई नेबिसंघको सभापतिका रूपमा जय नेपाल भन्नुपर्ने होला हामीले ! मेडमलाई माननीय भन्नु परे झैं ! जतिसुकै संगठन गरेपनि काङ्ग्रेसको नियती भनेको प्रचण्डकै छोरीलाई भोट हाल्नु त होला नि ! तपाईंकै सास राजदूत ! तपाईंकै स्वास्नी सांसद ! छोरालाई जिम्मा दिँदा भैगो नि नेबिसंघ ! किन हप्काउनु बित्थामा ? ओलीले पार्टी फोरे सत्तामा जान लगौंटी कस्दै हुनुहुन्छ ! तपाईंको सत्ता सुरक्षित छ ! अनि किन चाहियो संगठन ?

गाउँ नगएको भनेर चर्को स्वरमा हप्काउने तपाईं कुन कुन गाउँ पुग्नु भएको छ ? झापा आउँदा चिया बगानभित्रको महलमा पटकपटक 'ब्ल्याक लेबल' पिउन पस्दा तुर्सा हेमरेमको झुप्रोमा कति पटक 'ब्ल्याक टि' पिउन पस्नु भो ? तुर्सा हेमरेमको गाउँ कुन हो ? थाहा छ ? मास्टर भैया टुड्डु सुन्नु भएको छ ? बिश्वनाथ घिमिरे कुन गाउँका हुन् ? बताउन सक्नुहुन्छ ? सक्नुहुन्न ! थाहा छैन ! तपाईंलाई बिनोद शमशेरको महल र बुढानिलकण्ठ दरबार मात्रै याद होला ! अँ ! कैलालीको महल पनि याद होला कि ? डँडेल्धुराको असिग्रामको झुप्रो छ कि पहिरोले पुर्‍यो ? तपाईं चार पटक प्रधानमन्त्री भएँ भनेर कुर्लिदा लाजले पानी पानी हुँदै तपाईंका चार राम्रा काम बताउन नसकेर लज्जित भएको म ज्योतिषीले सात पटक प्रधानमन्त्री हुन्छ भनेको छ भन्दा मुलुक अझै साढेसातमै अल्झिने त्रासले त्रशित छु !

महासय, नेबिसंघसँग लाज छ ! प्रशस्तै छ ! उसैले लाज धानिदिएका कारण आज तपाईं निर्लज्ज घुम्न पाउँदै हुनुहुन्छ ! कुनै समय पञ्चायतको नाङ्गो पिठ्युँ देखेर मुर्दावाद चिच्याउने हैसियत राख्ने नेबिसंघ आज तपाईंको नाङ्गो चाक हेरेर जिन्दावाद भट्याउने हैसियतमा किमार्थ झर्दैन ! त्यसकारण-नेबिसंघको लाजको चिन्ता छोडेर आफ्नो लाजको नर्सरी स्याहार्नतिर लाग्नुस् ! नेता तपाईं नै हो तर सुध्रिनु पर्‍यो

शुभकामना !

# कांग्रेस कम्युनिस्ट दुवैले पढ्नुपर्छ बिपी र पुष्पलाललाई

–रघुजी पन्त

हामी हरेक वर्ष साउन ६ गते बिपी कोइरालालाई र साउन ७ गते पुष्पलाल श्रेष्ठलाई सम्झन्छौं । यी दुई यस्ता व्यक्तित्व हुन्, जसले आफ्नो जीवनकालमा नेपालका दुई फरक राजनीतिक धारलाई नेतृत्व दिए । उनीहरूको निधनको लामो समयपछि पनि दुवै व्यक्तित्व नेपालको राजनीतिमा अत्यधिक चर्चामा छन् । उनीहरूका कृति पनि मान्छेले खोजीखोजी पढ्छन् ।

मैले बिपीका लेख अलि ढिलो मात्र पढ्न सुरू गरेँ । सुरूमा मैले मार्क्सवाद र वामपन्थी नेताका कृतिहरू पढेँ। वामपन्थी आन्दोलनमा लागेको दस वर्षपछि मलाई लाग्यो । अब यसरी भएन, बिपी कोइराला र कांग्रेस आन्दोलन पनि पढ्नुपर्छ । वामपन्थी आन्दोलनमा लागेका हामीले कांग्रेसलाई पढेनौं र कांग्रेसले हामीलाई पढेनन् भने नेपालको राजनीति समग्रमा बुझ्न सक्दैनौं । मेरो आग्रह छ, कांग्रेस मान्यताभन्दा फरक विचार राख्नुहुन्छ भने पनि बिपीका राजनीतिक विचार र साहित्यिक कृति खोजेर पढ्नुस् । बिपीका कृति पढ्दा उनी आफ्नो समयको मात्र होइन, अहिले पनि मूर्धन्य बौद्धिक व्यक्तित्व हुन् भन्ने अनुभूति हुन्छ । उनको बौद्धिकताको उचाइ छुने राजनीतिक नेता फ्रन्टलाइनमा कमै देखिन्छन् । उनलाई एक शब्दमा भन्दा, सुसंस्कृत राजनीतिज्ञ भन्न सकिन्थ्यो । उनको रूचिको दायरा फराकिलो थियो। उनी आफ्ना कृतिमा पेन्टिङको चर्चा गर्छन्, संगीतको चर्चा गर्छन् । उनको 'सुम्निमा' पढ्दा कोशी छेउछाउको वातावरण पाउँछौं, 'नरेन्द्र दाइ' पढ्दा तराईको। साहित्यक दृष्टिले बिपी जुन उचाइमा छन्, त्यो उनको अध्ययनको छुट्टै पाटो भयो। राजनीतिक रूपमा विचारहरू व्यक्त गर्न बिपी अब्बल थिए । बिपीको एउटा महत्वपूर्ण कृति उनले अभियुक्तका रूपमा अदालतमा दिएको बयान हो । त्यहाँ बिपी बढो मज्जाले भन्छन्, 'म मेरो नाममा जे जति गतिविधि भए त्यसको नैतिक जिम्मेवारी लिन्छु ।' उनलाई आफ्नो बयानमा गणेशराज शर्मा, कुसुम श्रेष्ठ, कृष्णप्रसाद भण्डारीजस्ता धेरै वरिष्ठ वकिलले सहयोग गरेको देखिन्छ। तै पनि त्यसको अभिव्यक्तिमा बिपीको विशिष्टता अनुभव गर्न सकिन्छ ।

उनी व्यक्तित्व, विचार र बौद्धिकता हिसाबले जुन उचाइका राजनीतिज्ञ थिए, त्यत्तिकै उचाइमा राजनीतिक सफलता भने पाएको देखिँदैन। उनको जीवनको लामो कालखण्ड संघर्षमा बित्यो । सत्तामा १६ महिनाभन्दा बढी बिताउन पाएनन् । बिपीले शासनमा चार-पाँच वर्ष समय पाएको भए व्यावहारिक परीक्षण हुनसक्थ्यो । त्यो नेपालले देख्न पाएन । बिपीका साहित्यक कृति सहजै पाइन्छन् र तिनलाई कालक्रम मिलाएर अध्ययन गर्न सकिन्छ । तर, उनका राजनीतिक विचारका कृतिहरू छरिएका छन् र कालक्रम अध्ययन गर्न गाह्रो छ । उनलाई नजिकबाट बुझ्न सक्ने पत्रकार वा राजनीतिक लेखन क्षमता भएका कार्यकर्ताले उनका सुरूदेखिका विचार समयअनुसार विभिन्न खण्डमा बाँडेर प्रकाशित गरे बिपीलाई समग्रमा बुझ्न मद्दत पुग्छ ।

बिपीको जीवन र विचारमा बढो भिन्नता पाइन्छ । उनी सशस्त्र संघर्षका अनुयायी होइनन्। राणाकालमा लामो अनसन गरे। जब राणाशाहीबाट शासन फुत्काउन अप्ठ्यारो देखे, उनले मुक्ति सेना बनाएर लडे । त्यो मुक्ति सेना निर्माणमा दक्षिण छिमेकीको पनि केही योगदान रह्यो होला। उनले हतियार उठाए र त्यसमा मूलतः हतियार उठाएर लड्नेहरू नेपाली नै थिए । त्यो संघर्षले बिपीलाई पहिलो सफलता दिलायो । २०१७ सालको काण्डपछि २०१८-१९ सालतिर बिपीले फेरि हतियार उठाए । जबकि, उनी हतियार उठाउने राजनीतिमा विश्वास गर्ने मानिस थिएनन् । उनले विभिन्न ठाउँमा गान्धीको प्रशंसा गरेका छन् । राममनोहर लोहिया, जयप्रकाश नारायण, आचार्य नरेन्द्रदेवको विचारबाट र समाजवादी विचारधाराबाट उनी बढी प्रभावित छन् । संसदीय राजनीतिमा उनी कटिबद्ध देखिन्छन् । संवैधानिक राजतन्त्रमा पनि प्रतिबद्ध देखिन्छन् । उनका राजनीतिक विचार पढ्दा, हिंसालाई आफ्नो अभिव्यक्तिमा बहुतै कम स्थान




दिएका छन् । तर, व्यावहारिक राजनीतिको आवश्यकता र बाध्यताले उनी प्रधानमन्त्री भइसकेपछि पनि विदेश बसेर हतियार उठाउनुपर्ने अवस्थामा पुगे । दोश्रोपटकको उनको सशस्त्र आन्दोलन सफल भएन । त्यसले धेरै क्षति भोग्यो। उनीहरूले जहाज अपहरण गरेनन् कि, बन्दुकहरू भारतमा जम्मा गरेनन् कि, ती बन्दुक बंगलादेशमा मुक्ति सेनालाई पठाएनन् कि, के गरेनन्! यी घटनाले एक हदसम्म उनी 'रोमान्टिक रिभोलुसनरी' थिए कि भन्नेतर्फ पनि सोच्ने ठाउँ दिन्छ ।

नेपाली राजनीतिको एउटा कालखण्ड र लोकतान्त्रिक आन्दोलनको एउटा पाटो बुझ्न बिपीलाई पढ्नुपर्छ। उनको भाषा प्राञ्जल थियो । भाषण कलाबारे म टिप्पणी गर्न सक्दिनँ, किनभने उनलाई क्यान्सर भएपछिको टेप मात्र मैले सुनेको छु( टुँडिखेलमा बोलेको । त्यसैले उनको भाषण कला कस्तो थियो, म भन्न सक्दिनँ । तर लेखन र विचार अभिव्यक्तिमा उनी अब्बल थिए । उनको व्यक्तित्वमा चुम्बकीय आकर्षण थियो। त्यो उनीसँग संगत गरेका र वरपर रहेका मानिसको अनुभव सुन्दा बोध गर्न सकिन्छ । बिपी सबभन्दा फराकिलो 'थ्रो' पाउने राजनीतिज्ञ पनि हुन्। उनी प्रवास (भारतको बनारस) मा जन्मिए । उनको संघर्ष र राजनीतिक जीवन भारतमा सुरू भयो । जयप्रकाश नेतृत्वको समाजवादी कांग्रेसको प्रान्तीय सचिव भए । त्यहाँ जेल परे । समाजवादी विचारधारामा लागे र त्यहाँ राजनीतिक 'स्पेस' पनि पाए। त्यसले उनलाई २००७ सालको क्रान्ति नेतृत्व गर्न मद्दत गर्‍यो । त्यो संगतले उनलाई राजनीतिक विचारका लागि धेरै फराकिलो क्षितिज दियो, जहाँ उनले दौडन पाए, उड्न पनि पाए। त्यसै कारण उनी सुसंस्कृत राजनीतिज्ञमा पर्छन्। उनले जुन स्पेस पाए, त्यो अरू कसैले पाएनन् । बिपी मात्र होइन, कोइराला परिवारका सदस्यहरूकै लेखन क्षमता गज्जब देखिन्छ । मातृकाप्रसाद कोइरालाको 'अपूर्ण डायरी' र 'कोशीको कथा' मैले पढेको छु । त्यो पढ्दा मातृकाको साहित्यिक लेखन पनि बिपीभन्दा कमजोर छैन भन्ने देखिन्छ । तारिणीप्रसादको लेखन पनि कमजोर छैन । प्रकृतिप्रदत्त भन्ने कि संजोग, तीन दाजुभाइको लेखनमा अब्बल क्षमता देखिन्छ ।

बिपीको राजनीतिक जीवनको सबभन्दा ठूलो दुखान्त भने उनले बुझ्न नसकेको नेपाल हो । भारतमै जन्मेर, त्यहीँ राजनीति सुरू गरेका उनी थोरै समय मात्र नेपालमा रहे। यहाँको शासनमा आए। जेल परेपछि उनी बाहिरी संसारबाट अलग्गिए । जेलबाट निस्केपछि फेरि प्रवास गए। यसले खासमा नेपालीहरू के सोचिरहेका छन्, नेपालमा भित्रभित्रै कस्तो परिवर्तन भइरहेको छ भनेर समाजशास्त्रीय र ऐतिहासिक ढंगले नेपाली समाज बुझ्नमा कमी भएको देखिन्छ । त्यसैले उनी आफ्नो जीवनकालमा सफल भएनन्। यद्यपि उनले साहित्यिक रूपमा नेपाली समाज राम्ररी अनुभूत गरेको देखिन्छ । मलाई मोदनाथ प्रश्रितले सुनाउँथे( बनारस हुँदा बिपीलाई भेट्न पुष्पलाल पटक(पटक पुग्थे । पुष्पलाल भन्थे, 'तपाईं राजनीतिक नेतृत्व लिनुस्। हामी मिलेर संयुक्त संघर्ष गरौं । पञ्चायतविरुद्ध मिलेर संघर्ष नगरी पञ्चायत पल्टाउन सकिन्न ।' बिपीले आश्वासन दिए, तर कहिल्यै त्यो प्रस्ताव स्वीकार गरेनन् । ठट्टा गर्दै भन्थे रे, 'राजनीतिक कार्यक्रम चाहिँ मेरो हुन्छ, बरू आर्थिक कार्यक्रम तपाईंको मानौंला ।' हैरान भएपछि पुष्पलाल गणेशमान सिंह कहाँ पुगे रे । गणेशमानले पनि आश्वासन दिँदादिँदा थकित भएपछि एकदिन मंगलादेवीले भनिन् रे, 'ए पुष्पलाल यहाँ आऊ। यी बूढाहरूले केही पनि गर्दैनन्। तिमी र म मिलेर संयुक्त आन्दोलन गरौं ।'

बिपीले नेपाल र नेपालीको राजनीति बुझ्न सकेनन् भन्ने २०३६ को आन्दोलनमा पनि देखिन्छ । जनमत संग्रहमा बिपीले टुँडिखेलमा गरेको भाषण म सम्झन्छु । त्यति बेला म राजनीतिक कार्यकर्ता थिएँ, पत्रकार पनि थिएँ । उनले भने, 'अहिलेको सरकारले कुनै त्यस्तो अन्तर्राष्ट्रिय सम्झौता नगरोस्, भावी सरकारलाई बोझ बन्ने कुनै पनि नीति र कामहरू नगरोस् ।' मलाई बढो अनौठो लाग्यो । त्यो बेला हामी वामपन्थीले पाँचवटा पूर्वसर्त अगाडि सारेका थियौं र कांग्रेससँग मिलेर बहुदल जिताऔं भन्ने अभियानमा थियौं । बिपीले जे अपेक्षा राखे, परिणाम त्यसको उल्टो आयो । बिपीले भविष्यमा आफ्नो सरकार बन्छ भनेर त्यस बेलाको पञ्च सरकारलाई कुनै पनि आर्थिक बोझ पर्ने निर्णय नगरोस् भनेर खबरदारी गरे, तर परिणाम पराजय आयो। यद्यपि त्यो पराजय धाँधलीद्वारा सिर्जित थियो । उनले राजनीतिक व्यक्तिका रूपमा 'इमानदारीसाथ म निर्वाचन परिणाम स्विकार्छु' भने । भारत बस्दा बिपीमा समाजवादी र कम्युनिस्टबीच कडा बहस र अन्तर्विरोधको प्रभाव परेको थियो । नेपालका वामपन्थी हेर्ने दृष्टि पनि प्रभावित भयोजस्तो लाग्छ । बिपीले नेपालका वामपन्थी र २०३६ सालको आन्दोलन सही ढंगले बुझ्न सकेनन् भन्ने पनि मलाई लाग्छ । यसले उनको जीवनको उत्कर्षकाल संघर्षमै बित्यो ।

अब पुष्पलालको कुरा गरौं ।

पुष्पलाल बिपीभन्दा दस वर्ष कान्छा थिए । उनी कोइरालाहरू जस्तो 'हाइफाइ' परिवारमा जन्मिएनन्, रामेछापमा जन्मे। पछि काठमाडौं आए र संघर्ष गरेर राजनीति सुरू गरे । नेपाली राष्ट्रिय कांग्रेसको कार्यालय सचिव भए । त्यति बेला उनी केन्द्रीय सदस्य पनि थिए। पछि डिल्लीरमण रेग्मी र बिपीको मतभेद बढेपछि उनले कम्युनिस्ट पार्टी स्थापना गरे । तर उनी कम्युनिस्ट पार्टी स्थापना गर्ने ठाउँसम्म कसरी पुगे होलान् भन्ने मलाई लाग्छ। किनकि पुष्पलाल नेपालमै पढेका थिए । राणा शासन थियो, किताबहरू थिएनन् । उनले 'नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास' किताबमा भनेका छन्, 'दाजु गंगालाल श्रेष्ठहरूसँग अरूले बहस गरेको सुन्थेँ( रूसमा यस्तो हुन्छ रे! कम्युनिस्ट छ रे! । अनि मैले खोजीखोजी किताबहरू पढ्न थालेँ ।पछि उनले वीरगन्जपारि भारत बसेर पनि पढे। उनी जुन पसलबाट किताब किन्थे, त्यहीँ मार्क्सवादी किताब खोजेर पढ्न थाले। त्यही बेला कम्युनिस्ट पार्टीको घोषणापत्र अनुवाद गरे। कलकत्तामा बस्दा चन्दा उठाएर नेपालको पहिलो कम्युनिस्ट पार्टीको घोषणापत्र प्रकाशित गरे ।

पुष्पलालको विशेषता के भने, उनको सुरूआतदेखिको लेखनमा प्रजातन्त्रप्रतिको कटिबद्धता पाइन्छ । संसारका अरू कम्युनिस्ट आन्दोलनभन्दा नेपालको वामपन्थी आन्दोलन प्रजातन्त्रमा किन अगाडि बढ्यो भनेर हेर्ने हो भने, यसले दुइटा कुरा कहिल्यै छाडेन( एउटा राष्ट्रियताको विषय, अर्को जनवादको। यसमा पुष्पलालले एउटा कुरा थपे( जनजीविकाको कुरा । उनले भने, 'जनताका दैनिक हातमुख जोर्ने समस्या सम्बोधन गरिएन भने राजनीति अगाडि जाँदैन ।'

पुष्पलालको भारतीय कम्युनिस्ट पार्टीका नेता नृपेन्द्र चक्रवर्तीसँग राम्रो दोस्ती थियो । उनी त्रिपुरामा पटक(पटक मुख्यमन्त्री भए। उनीसँग पुष्पलालको व्यक्तिगत सम्बन्ध थियो । पुष्पलालहरू भारतमा भोकै पर्दा, पार्टी चलाउनै मुश्किल पर्दा नृपेन्द्रले भनेका थिए, 'पुष्पलाल तिम्रो पार्टी चलाउन म आर्थिक सहयोग गर्न सक्छु, तर एउटा कुरा याद राख, यदि नेपाली जनताले नेपालको कम्युनिस्ट पार्टीको खर्च उठाउन र धान्न सक्दैनन् भने त्यसको औचित्य छैन ।' पुष्पलालले त्यो कुरा मनमा लिए । वनारसमा भोकै बसे, तर मागेर खाएनन्। विदेशी सहयोग लिएनन्। नेपालबाट जति 'लेबी' जान्थ्यो, त्यसकै आधारमा बाँचे । नेपालबाट जाने साथीहरूले सुनाउँथे, 'यहाँबाट अलिकति पैसा बोकेर गएका बेला उहाँले ल आज मासु खाऔं भन्नुहुन्थ्यो । नभए चिसो पानीमा चनाको सातु घोलेर खानुहुन्थ्यो।'

पुष्पलाल नेपाल अध्ययन गर्ने अब्बल राजनीतिज्ञ हुन् । उनको 'हिस्टोरिकल नोट्स' किताबमा उनका राजनीतिक प्रतिवेदनका भागहरू छापिएका छन्। प्रख्यात इतिहासकार महेशराज पन्तको शब्दमा भन्ने हो भने, पुष्पलालले नेपाली इतिहासको परिसीमन राम्रोसँग गरे। उनको बुझाइ यथार्थपरक थियो। उनले दिएको तथ्य(तथ्यांक ठ्याक्कै मिल्थे । नेपालको समाज कसरी विकसित भयो, यो समाज बुझ्न सकिएन भने राजनीतिक क्रान्ति गर्न सकिँदैन भन्ने पुष्पलाललाई थाहा थियो ।

पृथ्वीनारायण शाहले विस्तारवादी भएर नेपाल एकीकरण गरे भन्दै वामपन्थी नेता र जनजाति नेताहरू कुर्लंदा पुष्पलालले भने त्यसबारे राम्रो व्याख्या गरेका छन् । उनी भन्छन्, 'त्यति बेलाको समाजमा सामन्तवाद थियो । पुँजीवाद पनि उदय भइरहेको थियो । बजारमा उत्पादन जान शान्ति चाहिन्छ । स(साना रजौटाहरू हुँदासम्म जहिले पनि लड्ने भए। जनताको जीवन अशान्त भयो । त्यो समयमा एउटा व्यक्तिको खोजी भइरहेको थियो। जनताको आकांक्षा 'स्थिर शासन' को थियो। ठीक त्यही बेला पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरे । गर्न त उनले राज्यविस्तार गरेका हुन्, तर नेपाल एकीकरण हुनुमा उनको ठूलो भूमिका छ ।'

नेपालको इतिहास बुझ्ने हो भने पुष्पलालका कृतिहरू पढ्नुपर्छ । तपाईंले आफ्नो इतिहास, भूराजनीति र कूटनीति बुझ्न र यो कसरी बन्यो भन्ने इतिहास थाहा पाउन पुष्पलाललाई पढ्नुपर्छ । पुष्पलाल म्याक्सिम गोर्कीको 'आमा' र अरू विभिन्न साहित्यक कृतिबाट प्रभावित भएको पाइन्छ। तर उनमा साहित्यकभन्दा समाजशास्त्रीय लगाव गहिरो देखिन्छ। इतिहासप्रति गहन रूचि देखिन्छ । यता बिपीको साहित्यिक पाटो निकै फराकिलो छ। तर यी दुईले नेपालको राजनीतिक धारलाई जुन बौद्धिक नेतृत्व दिए, त्यो महत्वपूर्ण छ । पुष्पलाललाई फर्केर हेर्दा उनी सिद्धान्त, संगठन र संघर्षका नेता हुन् । सिद्धान्तमा उनी सन्तुलित थिए । जुन बेला चीन र रूस दुई धुरीमा विभाजित थियो, उनी कतै लागेनन् । उनले रूसलाई 'सामाजिक स्राम्राज्यवादी हौं' भनेर गाली गरेनन् । चिनियाँ झन्डा बोकेर पनि हिँडेनन् । तर, माओ(त्सेतुङ विचारधारासँग नजिक रहेको 'न्यू डेमोक्रेसी' लाई यो ठीक है भनेर नेपालको सन्दर्भमा नयाँ जनवादी कार्यक्रम आफैं लेखे। राजनीतिक रूपमा चीनसँग अलि नजिक भए । त्यति बेला केशरजंग रायमाझीले रूसी प्रवृत्तिलाई अलि बढी प्रतिनिधित्व गर्थे । कम्युनिस्ट आन्दोलन, नेपाल र भारत सम्बन्धमा किन धेरै समस्या छन् भन्ने थुप्रै लेख पुष्पलालले लेखेका छन् । पारवहनका कुरामा, सीमा

# जहाँ जान्छिन् सरिता गिरी, त्यही मच्चाउँछिन् उधुम !

काठमाडौं । लिपुलेक, कालापानी, लिम्पियाधुरासहितको नक्सा सरकारले जारी गरेपछि सबै दल र सांसदहरुले त्यसको समर्थन गरे । तर एक्लो वृहस्पतिका रुपमा उभिएकी सरिता गिरीले तथ्य र प्रमाणविना नै सरकारले नक्सा जारी गरेको भन्दै विरोधमात्र गरिनन्, पार्टीको निर्देशनलाई समेत बेवास्ता गर्दै संविधान संशोधन विधेयकमाथि संशोधन प्रस्तावसमेत दर्ता गरिन् । परिणामस्वरुप उनले सांसद पद र पार्टीको साधारण सदस्यसमेत गुमाउनु पऱ्यो । यस प्रकरणमा गिरीले पार्टीको निर्देशन तथा अनुशासन नमानेपछि पार्टीले स्पष्टीकरण सोधेर उनलाई कारवाही गरेको हो । पार्टीले सांसद पद खोस्नुका साथै पार्टीबाट समेत निष्काशन गरेपछि उनी सर्वोच्च अदालतको ढोका ढक्ढक्याउन पुगेकी छिन् । विधानविपरीत आफूलाई कारवाही गरेको उनको दावी छ ।

सरिता गिरी कानुनी मामिलाको जानकार भएको महिला नेतृमा गनिन्छिन् । यसअघि पनि नेपाल सद्भावना पार्टीको आधिकारिकता सम्बन्धी विवाद हुँदा उनले सर्वोच्च अदालतबाटै नेपाल सद्भावना पार्टी आफ्नो हातमा पारेकी थिइन् । के यसैगरी उनले अहिले आफ्नो गुमेको पद हासिल गर्न सक्छिन् त ? प्रश्न खडा भएको छ । उनी जहाँ, जुन पार्टीमा गए पनि केही न केही उथलपुथल मच्चाइरहेकी हुन्छिन् । चुपचाप बस्ने उनको स्वभाव नभएकै कारण बेलाबखत उनी विवादमा समेत आउने गरेकी छन् ।

सरिता गिरीले दायर गरिन् सर्वोच्चमा रिट–नेपाली काँग्रेसको पृष्ठभूमिबाट राजनीति शुरु गरेकी सरिता गिरी हृदयेश त्रिपाठीको सहयोगमा मधेशको राजनीतिमा आएकी हुन् । २०५१/०५२ मा स्व.गजेन्द्रनारायण सिंह नेतृत्वको नेपाल सद्भावना पार्टी विभाजन गरेर हृदयेश त्रिपाठी, रामेश्वर राय यादव र राजेन्द्र महतोहरु मिलेर समाजवादी जनता दल गठन गरेका थिए ।

त्यही नयाँ पार्टीमा गिरीलाई त्रिपाठीले प्रवेश गराका थिए । नवगठित सो पार्टीमा गिरी केन्द्रीय सदस्य बनिन् । तर त्यो पार्टी एक वर्ष पनि चल्न सकेन र पुनः



नेपाल सद्भावना पार्टीसँग एकीकरण भयो । त्यतिबेला गिरी भने पार्टी एकीकरणको पक्षमा थिइनन् । उनले त्रिपाठीलगायतका नेतालाई एकीकरणका लागि रोक्ने प्रयास गरेकी थिइन् तर त्यतिबेला गिरीको केही चलेन । अन्ततः नेपाल सद्भावना पाटीसँग एकीकरण भयो । गजेन्द्रनारायण सिंह नेतृत्वको सो पार्टीमा गिरीलाई केन्द्रीय सदस्य बनाइयो । उनले पार्टीमा आफ्नो ढंगले काम गर्दै गरिन् । तर उनले त्रिपाठीको साथ कहिल्यै छाडिनन् । गजेन्द्रनारायण सिंहको निधनपछि बद्री मण्डल नेपाल सद्भावना पार्टीको कार्यवाहक अध्यक्ष भए । उनी राजावादी भएका कारणले त्यतिबेलादेखि नै पार्टीमा असन्तुष्टि शुरु भएको थियो । त्रिपाठी, रामेश्वर राय यादव, राजेन्द्र महतो लगायतका नेताहरुले पार्टीमा असन्तुष्टि जाहेर गर्न थालेका थिए । २०६०र०६१ मा राजविराजमा महाधिवशेन हुँदा त्यहीँबाट सो पार्टी दुई टुक्रा भयो । महाधिवेशनबाट बद्री मण्डल अध्यक्ष भएपछि हृदयेश त्रिपाठीहरुले पार्टी फुटाएर नेपाल सद्भावना पार्टी (आनन्दी देवी) बनाए । सरिता गिरी पनि त्यही आनन्दी देवी समूहतिर लागिन् । नेपाल सद्भावना पार्टी बन्ने बित्तिकै सत्ताको खेल शुरु भयो । कसैले आनन्दी देवीलाई अपहरण गरेर मन्त्री हुन सफल भए भने कसैले नक्कली हस्ताक्षर गरेर, दबाबमा हस्ताक्षर गराएर मन्त्री भए । आनन्दी देवी समूहमा गिरीलाई प्रवक्ता बनाइएको थियो । पछि बद्री मण्डलले राजीनामा दिएपछि नेपाल सद्भावना पार्टी र आनन्दी देवी समूहबीच एकीकरण भयो । एकीकरण भए पनि त्यो पार्टी कहिले स्थिर रहेन । जहिले पनि सत्ताका लागि विवाद भइ नै रह्यो । पछि त्रिपाठी तत्कालीन तमलोपातिर लागे, रामेश्वर यादव शुरुमै तत्कालीन मधेशी जनअधिकार फोरम नेपालमा गइसकेका थिए । भरत विमल यादव पनि निस्कृय भइसकेका थिए । आनन्दी देवी जोसँग हुन्थिन्, पार्टी उसैको कब्जामा हुन्थ्यो । त्यतिबेला खुशीलाल मण्डल, श्यामसुन्दर गुप्ता, राजेन्द्र महतो, सरिता गिरीहरुको चहलपहल थियो पार्टीमा ।

गुप्ताको विरुद्धमा अनसन

नेपाल सद्भावना पार्टी (आनन्दी देवी) को महाधिवेशन भयो । वीरगञ्जमा भएको महाधिवेशनबाट त्यो पार्टी विभाजन भयो । राजेन्द्र महतो सद्भावना पार्टी गठन गरेर अलग भए । र, नेपाल सद्भावना पार्टी (आनन्दी देवी) श्यामसुन्दर गुप्ताको कब्जामा भयो । त्यतिबेला पनि पार्टी आधिकारिताका लागि राजेन्द्र महतो र श्यामसुन्दर गुप्ताबीच विवाद चलेको थियो । तर निर्वाचन आयोगले श्यामसुन्दर गुप्तालाई नै मान्यता दिएको थियो । श्यामसुन्दर गुप्ता त्यतिबेला मन्त्री थिए । त्यही भएर सरिता गिरी गुप्ताकै साथमा गइन् । तर त्यो साथ धेरै दिनसम्म टिकेन । पार्टीमा गुप्ताको शैलीलाई विरोध गर्दै सरिता गिरी पार्टी कार्यालयमै आमरण अनसन बसिन् । त्यतिबेला उनी पार्टीकी केन्द्रीय सदस्य थिइन् ।










# कोरोना भाइरस देखिएको ६ महिनामा नेपालमा मृत्यु भएका ४५ संक्रमित

काठमाडौं । नेपालमा कोरोना भाइरसको संक्रमण पुष्टि भएका व्यक्ति भेटिएको ६ महिना पूरा भएको छ । सन् २०१९ जनवरी २४ मा नेपालमा पहिलो कोरोना संक्रमित भेटिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । उनी चीनको वुहानमा अध्ययन गर्न गएका विद्यार्थी भएको बताइएको थियो। उनी नेपाल आएपछि गरिएको परीक्षणमा कोरोना संक्रमण भएको पुष्टि भएको थियो । यो छ महिनाको अवधिमा नेपालमा १८ हजार ४८३ जना कोरोना संक्रमित भएका छन् । यीमध्ये ४५ संक्रमितको मृत्यु भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जानकारी दिएको छ। नेपालका कुल संक्रमितमध्ये १३ हजार ५३ जना निको भएर घर फर्किएका छन् । नेपालमा ४५ जना मृत्यु भएका व्यक्तिमा कोरोना पोजेटिभ देखिएपनि उनीहरुको मृत्युको कारण कोरोना नै हो वा अन्य भन्ने चाहिँ स्पष्ट भएको छैन ।

स्वास्थ्य मन्त्रालयले नियमित कोरोना बिफ्रिङका आधारमा नेपालमा हालसम्म मृत्यु भएका व्यक्तिको विवरण भने यस प्रकार छ ।

१. सिन्धुपाल्चोकी २९ वर्षीया महिलाको जेठ २ गते धुलिखेल अस्पतालमा मृत्यु भएको थियो । उनी १० दिनकी सुत्केरी थिइन्। श्वासप्रश्वाससम्बन्धी समस्या भएपछि उनलाई धुलिखेल अस्पताल लगिएको थियो। अस्पतालमा उनको मृत्यु भयो। मृत्युपछि गरिएको पिसिआर परीक्षणमा उनमा कोरोना पोजिटिभ आएको थियो । २. वैसाख ३० गते भारतबाट फर्किएर क्वारेन्टाइनमा बसेका बाँके नरैनापुरमा २५ वर्षीय युवकको जेठ ४ गते मृत्यु भयो । मृत्यु हुनुअघि उनलाई निरन्तर वाकवाकी र झाडापखाला लागेको बताइएको थियो। स्वास्थ्य मन्त्रालयले उनको मृत्युपश्चात् कोरोना संक्रमण भएको पुष्टि गरेको थियो । ३. रुपन्देहीको तिलोत्तमास्थित क्रिमसन अस्पतालमा भर्ना भएका गुल्मीका ४१ वर्षीय शिक्षकको जेठ ८ गते मृत्यु भएको थियो । उनी जन्डिसको उपचार गराइरहेका थिए। उपचारका क्रममा उनलाई कोरोना भाइरस पुष्टि भएको थियो । ४. जेठ ४ गते बाराका ७० वर्षीय वृद्धको मृत्यु भएको थियो। तर स्वास्थ्य मन्त्रालयले उनको मृत्युको पुष्टि जेठ १२ गते गरेको थियो। मन्त्रालयकाअनुसार उनलाई क्षयरोग र श्वारप्रश्वासको समस्या थियो । ५. कलेजोको समस्या भई किस्ट अस्पतालमा उपचाररत ललितपुर बुङमतीका ५६ वर्षीय पुरुषको जेठ १४ गते मृत्यु भएको थियो । उनलाई १३ गते कोरोना संक्रमण पुष्टि भएको थियो । ६. भारतबाट फर्किँदै गर्दा जेठ १० गते बाटैमा मृत्यु भएका अर्घाखाँचीको भूमिकास्थान घर भएका ३५ वर्षीय पुरुषको मृत्यु भएको थियो । मृत्युपश्चात् गरिएको पिसिआर परीक्षणमा उनलाई कोरोना भएको पुष्टि भएको थियो । ७. दैलेखको दुल्लु नगरपालिकाको क्वारेन्टाइनमा जेठ १९ गते ३५ वर्षीय पुरुषको मृत्यु भएको थियो । ८. बाबुआमासँगै बाजुराको धुरालसैन माविको क्वारेन्टाइनमा रहेकी २ वर्षकी बालिकाको जेठ १८ गते मृत्यु भएको थियो। उनलाई निमोनिया भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । ९. जेठ २१ गते दोलखा घर भएका ७६ वर्षीय पुरुषको त्रिवि शिक्षण अस्पतालमा मृत्यु भएको थियो । उनलाई हेमोरेजिक स्ट्रोक भई शल्यक्रिया गरिएको थियो। उनको काठमाडौं मेडिकल कलेज सिंगामंगलमा उपचारका क्रममा जेठ १५ गते कोरोना संक्रमण पुष्टि भएपछि शिक्षण अस्पताल महाराजगञ्ज आइसियूमा सारिएको थियो । १०.जेठ २० गते पाल्लामा एक संक्रमितको मृत्यु भयो। पाल्पा सिलुवाखोलाका क्वारेन्टाइनमा ४५ वर्षीय पुरुषलाई निमोनिया देखिएको थियो उनको मृत्युपश्चात् पिसिआर जाँच गर्दा कोरोना देखिएको थियो । ११. सुर्खेत पञ्चपुरी नगरपालिका(१ हाँसेका २० वर्षीय युवकको जेठ २३ गते मृत्यु भएको थियो। जेठ ७ गते भारतबाट आएर स्थानीय क्वारेन्टाइनमा बसेका उनको आरटिडी परीक्षण गर्दा नेगेटिभ आएपछि जेठ २२ गते घर पठाइएको थियो। तर उनको २३ गते मृत्यु भयो। मृत्युपछि गरिएको पिसिआर जाँचको रिर्पोट पोजिटिभ आएको थियो । १२. डोल्पाका जगदुल्ला गाउँपालिका(३ घर भएका ५८ वर्षीय पुरुषको जेठ २२ गते मृत्यृ भएको थियो। कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा पिसिआर परीक्षण गर्दा जेठ २४ गते कोरोना पुष्टि भएको थियो । १३. धनगढी ४ की मृगौलाको समस्या भएकी ५५ वर्षकी महिलाको सेती अस्पतालमा डायलसिस गर्ने क्रममा जेठ २३ गते मृत्यु भएको थियो। उनको जेठ २४ गते कोरोना पुष्टि भएको थियो ।

१४. स्याङ्जा जिल्ला वालिङ नगरपालिका घर भएका ५८ वर्षीय पुरुषको जेठ २६ गते मृत्यु भएको थियो। उनी मिर्गौला रोगी थिए। मृत्युपछि गरिएको पिसिआरमा कोरोना पुष्टि भएको थियो । १५. चितवन भरतपुर(११ का निमोनिया भएका पुरुषको जेठ २७ गते मृत्यु भएको थियो । १६. अर्घाखाँचीको मालारानीको क्वारेन्टाइनमा बसेका ५७ का पुरुषको जेठ २९ गते मृत्यु भयो । १७. पर्सा जिल्ला वीरगञ्ज महानगरपालिका घण्टाघरमा २५ वर्षीय युवकको २८ जेठमा मृत्यु भएको थियो। बेवारिसे लास फेला परेकोमा पोस्टमार्टमका लागि लगिएको र स्वाब परीक्षण गर्दा जेठ ३० गते कोरोना भाइरसको संक्रमण भेटिएको छ । १८. जेठ ३० गते बारा जिल्ला निजगढ नगरपालिका(६ योजनाटोल निवासी ५ वर्षीय बालकको मृत्यु भएको थियो । उनलाई कफ र ज्वरो देखिएको थियो। उपचारका क्रममा उनको नारायणी अस्पताल वीरगञ्ज मृत्यु भएको थियो । १९. गुल्मीका ३६ वर्षीय पुरुषको रेसुङ्गामा आइसोलेसनमा जेठ ३१ गते मृत्यु भएको थियो। उनी क्यान्सरका बिरामी थिए । २०. बाँकेको बैजनाथ गाउँपालिका(६ की ४६ वर्षीया महिलाको असार १ गते मृत्यु भएको थियो। फोक्सो, मिर्गौला र प्यारालाइसिलकी समस्या थियो। कोरोना पुष्टि भने असार ३ गते भएको थियो । २१. कैलाली, गोदावरी नगरपालिकाका ४६ वर्षीय पुरुषको जेठ ३१ गते मृत्यु भएको थियो । २२. असार २ गते कैलालीको लम्किचुहाकी ४३ वर्षकी महिला मृत्यु भएको थियो। टाउकोमा चोट लागेपछि नेपालगञ्ज मेडिकल अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो।असार ३ गते आएको पिसिआर रिर्पोटमा कोरोनाको पुष्टि भएको थियो । २३. गुल्मी जिल्ला छत्रकोट गाउँपालिका(५ महेन्द्रनाडा ६९ का पुरुष प्यारालाइसिसको उपचारका लागि भारत गएको उनको असार ५ गते मृत्यु भएको थियो ।

२४. दैलेखको दुल्लु नगरपालिका वडा नं ३ का ४५ वर्षीय पुरुषको असार ८ गते सुर्खेत अस्पतालको आइशोलेशनमा मृत्यु भएको थियो। उनी क्षयरोग तथा दमको बिरामी थिए । २५. स्याङ्जाको आँधीखोलाका ५६ वर्षीय पुरुषको असार १० गते मृत्यु भएको थियो। उनको असार ११ गते कोरोनाको पुष्टि भएको रिर्पोट आएको थियो । २६. काठमाडौंका ४९ वर्षीय पुरुषको असार ११ गते पाटन अस्पतालमा मृत्यु भएको थियो। उनले ५ महिनाअघि मिर्गौला प्रत्यारोपण गराएका थिए । २७. दाङको राप्ती अस्पताल नजिकै अचेत अवस्थामा भेटिएकी अन्दाजी ३० वर्षकी महिलाको असार ११ गते मृत्यु भएको थियो । असार १२ गते नतिजा पोजेटिभ आएको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको थियो । २८. असार १३ कैलालीको गोदावरी नगरपालिक का ५० वर्षीय पुरुषको चितवन मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको थियो। उनी फोक्सोको क्यान्सरबाट पीडित थिए । २९. रौतहटका ३० वर्षीय पुरुषको असार १३ गते मृत्यु भएको थियो। स्वासप्रस्वासको समस्या भएको थियो। तर, उनको कोरोना पुष्टि भएको रिर्पोट १४ गते आएको थियो । ३०.अछाम रामरोशनका ४५ वर्षीय पुरुषको बयलपाटा अस्पतालमा असार १४ गते मृत्यु भयो। स्वासप्रश्वासमा समस्या आएपछि अस्पताल लगिएको थियो। उनी मधुमेहका बिरामी थिए। मृत्युपछि नमुना परीक्षण गर्दा १६ असारमा उनमा कोरोना संक्रमण पुष्टि भएको थियो । ३१. म्याग्दी जिल्ला धौगालिरी नगरपालिका(४ का ४९ दिनका शिशुको त्रिवि शिक्षण अस्पतालमा असार १७ गते मृत्यु भएको थियो। शिशुको मृत्यु हुनु ३ दिन अगाडि नै कोरोना पुष्टि भएको थियो । ३२. काठमाडौं नयाँ बानेश्वर बस्ने उच्च रक्तचाप र पार्किन्सनका बिरामी रहेका ८५ वर्षीय वृद्धको असार १७ गते मृत्यु भएको थियो। उनको ह्याम्स अस्पतालमा उपचारका क्रममा निधन भएको हो। असार १९ गते कोरोना पुष्टि भएको जानकारी दिइएको थियो। ३३. गोरखा पालुङटार ४४ वर्षका पुरुषको असार २० गते मृत्यु भयो। असार १९ गते कोरोना पुष्टि भएको थियो। उनी कतारबाट नेपाल फर्किएपछि पालुङटार क्वारेन्टाइनमा राखिएको थियो । ३४. असार १७ गते त्रिवि शिक्षण अस्पतालमा उपचाररत रुपन्देही देवदहका ७५ वर्षीय पुरुषको मृत्यु भएको थियो। उनी क्षयरोगका बिरामी थिए। उनलाई कोरोना भएको पुष्टि असार २० गते भएको थियो । ३५. बाग्लुङ निसिखोला घर भएका २९ वर्षीय पुरुषको असार २१ गते निधन भएको थियो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार उनी भारतबाट क्षयरोगको उपचार गराई नेपाल फर्किएका थिए । ३६.असार २६ गते काठमाडौं वडा नं १० शंखमूलका ६० वर्षीय पुरुषको उपचारको क्रममा पाटन अस्पतालमा असार २६ गते मृत्यु भएको थियो। फोक्सोमा पानी जमेको र मिर्गौलामा समस्या भएपछि उनी असार १६ गते अस्पताल भर्ना भएका थिए। उपचारका क्रममा गरिएको कोरोना परीक्षणको पुष्टि असार १७ गते भएको थियो । ३७. असार २५ गते सिन्धुपाल्चोकका ४५ वर्षीय कोरोना संक्रमित एक पुरुषको पाटन अस्पतालमा मृत्यु भएको थियो। क्षयरोगको उपचारका लागि असार १८ गते पाटन अस्पतालमा भर्ना भएका उनको २५ गते मृत्यु भएको थियो। उनको असार २२ गते कोरोना पुष्टि भएको थियो। । ३८. असार २५ गते काठमाडौंको सिनामंगलस्थित काठमाडौं मेडिकल कजेल (केएमसी) अस्पतालमा मृत्यु भएका ५४ वर्षीय पुरुषमा कोरोना पुष्टि भएको छ । उनको कोरोना पुष्टि भएको अस्पतालले भएको थियो। उनी पुरुष काठमाडौंको गोकर्ण निवासी हुन्। उनी असार १९ गते भर्ना भएका थिए। स्वाथ्य मन्त्रालयका अनुसार ती पुरुष मिर्गौलाका बिरामी थिए । ३९. असार ३१गते रौतहटका पर्रोहा नगरपालिका वडा नं ७ का ३६ वर्षीय पुरुषको उपचारको क्रममा नारायणी अस्पताल वीरगञ्जमा मृत्यु भएको थियो। उनलाई रुघाखोकी, ज्वरो र श्वासप्रश्वासको समस्या देखिएको थियो । ४०.साउन २ गते बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचाररत सप्तरी राजविराज नगरपालिका-६ का ७२ वर्षीय पुरुषको उपचारका क्रममा मृत्यु भएको थियो। उनी मुटु रोगी ती पुरुषमा मधुमेहको समस्या समेत थियो । ४१. साउन ६ गते भर्ना अस्पताल भर्ना गरिएका जनकपुर नगरपालिका धनुषा एक पुरुषको मृत्यु भएको थियो। । ती व्यक्तिको भेन्टिलेटरमा राखी उपचार भइरहेको थियो । ४२. साउन ७ गते त्रिवि शिक्षण अस्पतालको आइसियूमा उपचाररत कोरोना संक्रमित एक चिनियाँ नागरिकको मृत्यु भएको थियो। मुटुको समस्या भएकी ४८ वर्षीय महिलाको उपचारको क्रममा मृत्यु भएको अस्पतालमा मृत्यु भएको थियो । ४३. साउन ६ गते नारायणी अस्पतालको अस्थायी कोभिड अस्पतालमा उपचाररत वीरगञ्ज ६, माइस्थानका ७० वर्षीय पुरुषको मृत्यु भएको थियो। श्वासप्रश्वासमा समस्या देखिएका उनी साउन ६ गते बिहान अस्पताल भर्ना भएका थिए। अस्पताल भर्ना भएकै दिन साँझ ६ बजे उनको मृत्यु भएको थियो । ४४. साउन ९ गते नारायणी अस्पतालको अस्थाई कोभिड अस्पतालमा उपचाररत वीरगञ्ज( ११, श्रीपुर रसीघाटकी ८५ वर्षीय महिलाको मृत्यु भएको थियो। उनी मुटुरोगी थिइन्। उनलाई निमोनिया समेत भएको थियो ।४५.साउन ९ गते नारायणी अस्पतालको अस्थाई कोभिड अस्पतालमा उपचाररत परवानीपुर(८ बाराकी १७ वर्षीया किशोरीको शुक्रबार मृत्यु भएको थियो। जापानिज इन्सेफ्लाइटिसको आंशकामा वीरगञ्ज हेल्थ केयर सेन्टरमा उपचाररत उनको आरडिटी पोजिटिभ देखिएपछि साउन ९ बजे कोभिड अस्पतालमा रेफर गरिएको थियो। सोही दिन उनको मृत्यु भएको थियो ।



## कमलधाप क्षेत्रको विवाद सहमतीमा टुङ्गीयो : बालकको शव आफन्तले बुझे



भद्रपुर । सिमसार निर्माणका लागि खनिएको पोखरीमा डुबेर ३ जना बालकले ज्यान गुमाएपछि भद्रपुर २ स्थित कमलधाप क्षेत्रमा उत्पन्न विवाद सहमतीमा टुंगिएको छ ।

पोखरी खन्ने जिम्मा लिएको निर्माण कम्पनीको लापरबाहीले अव्यवस्थित खाल्डो दलदलमा रूपान्तरण हुँदा तीन जना बालकको डुबेर मृत्यु भएको भन्दै विहिवार बिहानैदेखि विरोधमा उत्रिएका स्थानीयसित भद्रपुर नगर सरकारले सर्वपक्षीय छलफल चलाई वार्ता गरेपछि सहमती हुँदा विवाद अन्त्य भएको हो ।

सर्वपक्षीय सहमती अनुसार प्रति मृतक १० लाख रूपैया परिवारलाई क्षतिपूर्ति वापद दिने, रोजगार सुरक्षा प्रत्याभुत गर्ने, हालको कमलधाप संरक्षण समिति विघटन गरी नयाा समिति बनाउने लगायत सहमती भएको जनाइएको छ ।

बुधवार अपरान्ह भद्रपुर २ गौरिशंकर बस्ती निवासी अनिल तामाङका छोरा बर्ष १० को अंकुश तामाङ र कमला थामीका छोराहरू कर्ण थामी बर्ष १४ र अर्जुन थामी बर्ष ११ का भद्रपुर २ कमलधाप रामपोखरी वन उपभोक्ता समूह अन्तर्गत कमलधप पर्यटन क्षेत्र विकास संयुक्त धार्मिक स्थलमा निर्माणाधीन पोखरीमा डुवेर निधन भएको थियो । निमार्णाधीन पोखरीमा ३ जनाको मृत्यु भएपछि उत्पन्न विवाद समाधान गर्न स्थानीय सरकार अर्न्तगत वाडाध्यक्ष भिमबहादुर सुब्बा, नगर प्रमुख जीवन कुमार श्रेष्ठसंग पीडित परिवारका प्रतिनिधि, स्थानीय पार्टी प्रतिनिधि, सामाजिक संघ संस्थाका प्रतिनिधि लगायतसितको वार्ता संवादपछि विहिवार बेलुका आफन्तले शव बुझेर पोष्टमार्टमका लागि मेची अञ्चल अस्पताल लगिएको छ ।

पोष्ट मार्टमपछि शुक्रवार धार्मिक विधि अनुसार बालकहरूको अन्त्यष्टी गरिने आफन्तहरूले जानकारी दिएका छन् ।

### इस्टुको आन्दोलनप्रति समर्थन गर्दै
## अन्तराष्ट्रिय संगठनले तलव दिन अनुरोध गर्‍यो

भद्रपुर । शिक्षकहरूको अन्तरास्ट्रिय संगठन इजुकेशनल इन्टरनेशनल (इआइ) ले नेपालमा कार्यरत संस्थागत विद्यालयका शिक्षक कर्मचारीको तत्काल सवै तलव भुक्तानी गर्ने व्यवस्था मिलाउन नेपालका प्रधानमन्त्रीलाई आग्रह गरेको छ ।

संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) सदस्य रहेको सो संगठनले विश्व मानव अधिकार समेतको ख्याल गरेर श्रमिकको बाँच्न पाउने अधिकारको रक्षाका लागि दायित्व बोध गर्न नेपालका प्रधानमन्त्रीलाई पत्रलेखी सस्थागत विद्यालयका शिक्षक तथा कर्मचारीहरूलाई तत्काल सबै महिनाको तलब भुक्तानीको व्यवस्था गर्न आग्रह गरेको हो ।

विश्वका १०३ राष्ट्रसम्म विस्तारित भइसकेको इआइले सन्सारभरका विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको हक अधिकार रक्षाका लागि काम गर्दै आएको छ ।

नेपालमा कार्यरत अधिकाम्स शिक्षक कर्मचारीले गएकै शैक्षिक वर्षको तलव नपाएपछि दुई महिनायता इस्टुले सामाजिक न्यायका लागि आन्दोलन गरिरहेको छ ।

आन्दोलनमा जानु पर्ने बाध्यता संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीले काम गरिसकेको समयको तलव पाउन नसकेको तथा सरकारले समेत शिक्षक कर्मचारीको जीवन रक्षाका लागि पहल नगरेपछि इस्टु सडक आन्दोलनमा उत्रेको हो ।

बौद्धिक श्रमिकका रूपमा रहेका संस्थागत विद्यालयका शिक्षक, कर्मचारी, चालक, सहचालक लगायतलाई काम लगाउने अधिकाम्स विद्यालयले काम गरिसकेको समयको पारिश्रमिक नदिँदा गाँस जुटाउन समस्या उत्पन्न भएको छ भने सामाजिक न्याय र बाँच्न पाउने अधिकार समेतको अपहरण भएपछि अपमान बोध गर्दै शिक्षक कर्मचारी सडकमा आउन बाध्य भएका छन् ।

# रोटरीले दियो तीन लाखको औषधी



भद्रपुर । रोटरी क्लव अफ भद्रपुरले आज एक कार्यक्रमको आयोजना गरी औषधि हस्तान्तरण गरेको छ ।

क्लवले भद्रपुर १ स्थित पृथ्वीनगर स्वास्थ्यचौकीलाई करिब तीन लाख मुल्य वराबरको औषधी वितरण गरेको हो ।

रोटरी क्लव अफ भद्रपुरका अध्यक्ष आदित्य पराजुलीको अध्यक्षता तथा वडा न १ का वडा अध्यक्ष दशरथ प्रधानको प्रमुख अतिथ्यतामा सम्पन्न कार्यक्रममा स्वागत चार्टर प्रसिडेन्ट किशोर पराजुलीले गरेका थिए भने कार्यक्रमको संचालन सचिव ईश्वर अधिकारीको रहेको थियो ।

सामाजिक कार्यमा सकृय रोटरीले प्रदान गरेको औषधिको सही सदुपयोग गरिने स्वास्थ्य चौकिका इन्चार्ज इन्द्र दाहालले बताएका थिए । कार्यक्रममा आइ पि पि टिकाराज ढकाल, प्रदिप सरावगी, विनोद चापागाइ, पवन श्रेष्ठ, प्रज्वल राई, कविन राई, रमेश श्रेष्ठ लगायतको उपस्थिती रहेको थियो भने सहजिकरण रोट्याक क्लव अफ भद्रपुरले गरेको थियो ।

### नेपाल उद्योग वाणिज्य महासङ्घको आसन्न निर्वाचनमा
## झापाबाट उम्मेदवारीका लागि डालमिया र घिमिरेको नाम सिफारिस



–सन्दर्भ सामाचारदाता

भद्रपुर । झापा उद्योग वाणिज्य सङ्घले महासङ्घको आसन्न निर्वाचनमा खुलातर्फको केन्द्रीय सदस्य पदको उम्मेदवारीका लागि सङ्घका पूर्व अध्यक्ष उमेश डालमियाको नाम सिफारिस गर्ने निर्णय गरेको छ । यसैगरी, महासङ्घको संस्थापक सदस्यको हैसियतले प्राप्त हुने संस्थापकतर्फको केन्द्रीय सदस्य पदका लागि सङ्घका पूर्व अध्यक्ष राजेन्द्रकुमार घिमिरेलाई पठाउने निर्णय गरेको छ । सङ्घको सभा हलमा अध्यक्ष नवराज पनेरुको अध्यक्षतामा सम्पन्न नियमित मासिक बैठकमा ती नाम सिफारिस गर्न कार्यसमितिले सर्वसम्मत निर्णय गरेको महासचिव पङ्कज शर्माले जानकारी दिए ।

उद्योग वाणिज्य क्षेत्रमा लामो समयदेखि सफल नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएका डालमिया महासङ्घको वर्तमान कार्यसमितिमा केन्द्रीय सदस्यको जिम्मेवारीमै छन् । गत निर्वाचनमा खुलातर्फको केन्द्रीय सदस्य पदमा उनी सर्वाधिक मत ल्याएर विजयी बनेका थिए । केही वर्षअघि झापामा देखिएको मिस म्याच प्रकरणमा पीडित उद्योगी-व्यवसायीको पक्षमा साहसका साथ दर्बिलो रुपमा उभिएका डालमिया पीडित व्यवसायीलाई राहत दिलाउन सफल भएका थिए ।

यस्तै, संस्थापकतर्फको केन्द्रीय सदस्य पदका लागि सिफारिस गरिएका घिमिरे दुई कार्यकाल झापा उद्योग वाणिज्य सङ्घको नेतृत्व सफलतार्पूक निर्वाह गरिसकेका परिश्रमी उद्यमी हुन् । मुलुकमा द्वन्द्व उत्कर्षमा रहेको बेला सङ्घको अध्यक्ष रहेका घिमिरेले झापालाई बन्द मुक्त क्षेत्र बनाउन निकै प्रयास गरेका थिए । दुई कार्यकाल सकेर सङ्घबाट बिदा लिएपछि नेपाल अलैँची व्यवसायी महासङ्घको संस्थापक अध्यक्ष बनेर अलैँची व्यवसायी तथा किसानलाई गोलबद्ध गरी अलैँची क्षेत्रको समस्या समाधानमा महत्वपूर्ण भूमिका खेलेका घिमिरे स्पष्ट र प्रखर वक्ताका रुपमा पनि परिचित छन् ।

बैठकले यही साउन २६ र २७ गतेलाई काठमाडौँमा हुने तय भएको महासङ्घको महाधिवेशनमा प्रतिनिधिका रुपमा अध्यक्ष नवराज पनेरु र विशिष्ट सदस्य अजय साहेवालालाई पठाउने निर्णय पनि गरेको छ । बैठकले कोरोना भाइरस नियन्त्रण तथा रोकथामका लागि गरिएका क्रियाकलाप र लकडाउनका समयमा आफ्ना सदस्य उद्योगी-व्यवसायीका हितका लागि गरिएका प्रयासहरूको समीक्षा पनि गरेको महासचिव शर्माले जानकारी दिए ।

## वर्षायाम शुरु भएयता झापामा १७ जनाले ज्यान गुमाए



–सन्दर्भ समाचारदाता

भद्रपुर । वर्षायाम शुरु भएयता झापामा पहिरोमा परेर र डुबेर १७ जनाले ज्यान गुमाएका छन् । गत महिनाको असार १० गतेयता जिल्लाका विभिन्न नदी तथा तलाउमा डुबेर १७ जनाले ज्यान गुमाएका हुन् भने दुई बालक अझैं बेपत्ता छन् । जिल्ला प्रहरी कार्यालय झापाका अनुसार, बुधबार डुबेर तीन जना बालकको मृत्यु भएसँगै झापामा मृत्यु हुनेको सङ्ख्या १७ पुगेको हो । त्यस्तै बुधबार साँझ ५ः३० बजे दमक नगरपालिका २ स्थित रतुवा खोलाको किनारमा इलाम चुलाचुली गाउँपालिका- ५ बस्ने ४५ वर्षीय राम केरुङ मृत फेला परेका छन् । सोही दिन साँझ ७ बजे झापा गाउँपालिका- ६ निवासी ६५ वर्षीया हरिमाया सार्की घरपूर्व रहेको बाँसघारीमा मृत फेला परेकी थिइन् । निगुरो टिपेर फर्कने क्रममा खेतको आलीबाट लडेर उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक थापाले जानकारी दिनुभयो । त्यस्तै देउनीया खोलाले बगाएर भद्रपुर- २ का ५० वर्षीय कुमार गजमेरको मृत्यु भएको छ । उनलाई साउन ६ गते खोलाले बगाएको थियो ।

यसैगरी मेचीनगर ९ का १५ वर्षीय विवेक दर्नाललाई वुद्धशान्ति गाउँपालिका७ मोतिडाँडामा आफन्तको घरमा पाहुना आएका बेला घरमाथिबाट खसेको पहिरोले पुर्दा मृत्यु भएको हो । हिले खोलाले बगाउँदा अर्जुनधारा- ११ तीन पैनीकी ३ वर्षीया बालिकाको मृत्यु भएको छ । मृत्यु हुनेमा ऋषि मुर्मू रहेकी छिन् । उनको साउन १ गते मृत्यु भएको हो । टाङटिङ खोला तर्ने क्रममा खोलाले बगाउँदा अर्जुनधारा- २ साकेलाका ६० वर्षीय फत्तेबहादुर बस्नेतको मृत्यु भएको हो । घर नजिकैको खहरे खोलाले बगाउँदा कचनकवल- ३ निवासी ३५ वर्षीय किलु टुडूको मृत्यु भएको छ । भद्रपुर- २ का ७ वर्षीय बालकको असार २८ गते सेफ्टी ट्याङ्कीमा डबेर मृत्यु भएको छ । त्यस्तै भद्रपुर- ३ का ३३ वर्षीय हिरण राईको मेची खोलामा डुहाउने क्रममा खोलाले बगाएर मृत्यु भएको हो । उनलाई मेची खोलाले असार २७ गते बगाएको थियो ।

## उद्योग वाणिज्य महासंघको चुनाव स्थगित




–सन्दर्भ समाचारदाता

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघको साधारणसभा स्थगित भएको छ । सरकारले महासंघको साधारणसभा गर्ने स्वीकृति दिन ढिलाई गरेको भन्दै महासंघले साउन ३६ र २७ गतेका लागि घोषणा गरिएको साधारणसभा स्थगित गरेको महासंघकी अध्यक्ष भवानी राणाले जानकारी दिइन् । महासंघको बिहीबार बसेको कार्यसमिति बैठकले मन्त्रिपरिषद्बाट स्वीकृत भएको १५ दिनभित्र साधारणसभा बोलाउनेगरी घोषित साधारणसभा स्थगित गर्ने निर्णय गरेको समितिका एक सदस्यले बताए । तर मन्त्रिपरिषद्को निर्णय अनिश्चित रहेकोले महासंघको चुनाव पनि अनिश्चित बनेको छ ।

सरकारले बिहीबारदेखि लागु हुनेगरी ४ महिनादेखिको लकडाउन अन्त्य गरे पनि हाललाई सभा समारोह तथा लामो दूरीका सवारीसाधन सञ्चालन गरेको छैन । यद्यपि साधारणसभा स्थगित गर्ने विषयमा वरिष्ठ उपाध्यक्षका उम्मेदवार तथा हालका कार्यसमितिका उपाध्यक्ष चन्द्र ढकाल पक्षको असहमति रहेको बताइन्छ । तर, अध्यक्ष, वरिष्ठ उपाध्यक्ष लगायत बहुमत पदाधिकारीले चुनाव स्थगित गर्ने पक्षमा देखिएपछि महासंघले यस्तो निर्णय गरेको हो ।

# सर्वसाधारणलाई माक्सहित सेनेटाइजर वितरण



–सन्दर्भ समाचारदाता

दमक । लकडाउन खुलेसंगै कोरोना भाइरसको संक्रमण बढ्न सक्ने भन्दै दमकमा जनचेतनामूलक कार्यक्रम गरिएको छ । इलाका ट्राफिक प्रहरी दमकको आयोजना तथा जीवन-चक्र समाज नेपालको सहकार्यमा भएको सो कार्यक्रममा उनीहरुले दमक चौक आसपासका पैदल यात्री तथा यातायात प्रयोगकर्ताहरुलाई करिब एक घण्टा यातायात प्रयोगबारे समेत जानकारी गराईएको हो । कोरोना भाइरसको संक्रमणबाट जोखिम आउन सक्ने भएकाले त्यसका लागि आफैले सावधानी अपनाउनु पर्ने भन्दै सर्वसाधारणहरुलाई माक्सहित सेनेटाइजर वितरण गरिएको ट्राफिक प्रहरी कार्यालय दमकका प्रमुख यज्ञ राज शर्माले जानकारी दिए ।

सामाजिक अभियन्ता प्रकाश आचार्यले एक हजार थान माक्स र एक सय थान सेनिटाइजर र कुमार बिकले आफ्नो जन्मदिनको अवसरमा दुई सय थान मास्क उपलब्ध गराएका थिए ।

अभियानमा नेपाल जेसीजका पूर्व राष्ट्रिय अध्यक्ष प्रकाश अधिकारी, व्यवसायी तथा सामाजिक व्यक्तित्व भगवान बस्नेत, जीवनचक्र समाजका अध्यक्ष गणेश प्रसाद गौतम, प्रहरी तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

## मेचीनगरकी २२ वर्षीया महिलामा कोरोना संक्रमण




–सन्दर्भ समाचारदाता

भद्रपुर । भारतबाट आएकी झापाकी एक महिलामा कोरोना संक्रमण पुष्टि भएको । यो सँगैझापामा संक्रमितको संख्या ३४६ पुगेको छ । मेचीनगरकी २२ वर्षीय महिलामा कोरोना पेजेटिभ देखिएको जनस्वास्थ्य कार्यालय झापाका फोकल पर्सन जीवन चम्लागाईले जानकारी दिएका दिएका छन् । संक्रमित महिलाको स्वास्थ्यवस्था सामान्य रहेको साथै उनलाई थप उपचारको लागि बिराटनगर लगिएको चम्लागाईले जानकारी दिए ।

**नेपालमा आज १०९ जना संक्रमित संख्या १८ हजार ४८३ पुग्यो, ४५ जनाको मृत्यु**

काठमाडौं । नेपालमा आज थप १०९ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । योसँगै नेपालमा कोरोना संक्रमितको कुल संख्या १८ हजार ४८३ पुगेको छ । स्वास्थ्य मन्त्रालयको नियमित प्रेस ब्रिफिङमा मन्त्रालयका प्रवक्ता प्रा.डा. जागेश्वर गौतमले नेपालमा बितेको २४ घण्टामा १०९ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको जानकारी दिए । नयाँ संक्रमित हुनेहरुमा झापा १, खोटाङ १, सप्तरी ११, पर्सा ८, रौतहट ४, सर्लाही १, चितवन १, बारा ३, मकवानपुर १, नवलपरासीपूर्व ४, काठमाडौं २, ललितपुर १, अछाम १, गुल्मी ३, कपिलवस्तु ६, पाल्पा ४, बाँके २, बर्दिया २, दाङ

# बाढीले सयौं बिघा जमिन बगरमा परिणत



–सन्दर्भ समाचारदार्ता

झापा । कनकाई नदीमा आएको बाढीले झापा गाउँपालिका- ७ टप्पुस्थित जनताको तटबन्ध भत्काएर नदीको भङ्गालो बस्तीमा पस्दा सयौं बिघा खेतीयोग्य जमिन बगरमा परिणत भएको छ । यस वर्ष असारको शुरुदेखि नै पानी परेका कारणअधिकांश किसानले समयमै रोपाइँ गरेका थिए । तर, कनकाईमा आएको बाढीले जनताको तटबन्ध भत्काएर नदीको भङ्गालो बस्तीमा पस्दा झापा गाउँपालिकाका १ सय ३ घरपरिवार पूर्णरुपमा विस्थापित भए भने सयौँ बिघा खेतीयोग्य जमिन बगरमा परिणत भएको गाउँपालिका अध्यक्ष जयनारायण साहले बताएकाछन् ।

हुलाकी राजमार्ग अन्तर्गत कनकाई नदीमा निर्माणाधीन पुलका कारण नदीलाई पूर्वतर्फ मोडेका कारण नदीले बाँध भत्काएको स्थानीय बासिन्दाको भनाइ छ । कनकाई माईमा आएको बाढीले झण्डै तीन सय मिटर बाँध भत्काएर नदीको भङ्गालो बस्ती पस्दा झापा गाउँपालिकाका वडा नं १, २ र ७ का अधिकांश बस्ती डुबानमा छन् । डुबानमा परेका बस्तीका १ सय ५ परिवारलाई उद्धार गरी गाउँपालिकाका विभिन्न विद्यालयमा राखिएको गाउँपालिका उपाध्यक्ष कुन्तीदेवी बुढाथोकीले बताइन् । गत सोमबारदेखि डुबानमा परेका तीन वडाका बासिन्दालाई सुरक्षित स्थानमा सारिए पनि त्यहाँको सयौं बिघा खेतीयोग्य जमिन बगरमा परिणत भएको स्थानीयवासी हरिनारायण राजवंशीले बताउनुभयो ।

विस्थापितलाई तत्कालका लागि स्थानीय तह, विभिन्न संघर संस्था र दाताले खानेकुराको जोहो गरिदिए पनि खाने खेत बगरमा परिणत भएपछि सर्वसाधारणलाई चिन्तामाथि थप चिन्ता थपिएको छ ।

**आउनु होस ! आउनु होस् !!**

आफै श्रमिक आफै मालिक बन्ने अवसर नगुमाउनु होस् । अब तपाईहरुकै घर दैलोमा कृषिमा नयाँ क्रान्ति ल्याएको छ । पहिलो पाईला बहुउद्देश्यीय सहकारी संस्था लि., भद्रपुर, झापाले कृषिमा यान्त्रिकीकरण तथा आधुनिकिकरण अब तपाईहरुकै लागि । कृषि श्रमिक नपाउने झन्झटबाट आजै मुक्त हुनुहोस् ।

**संस्थाबाट प्राप्त हुने सेवाहरु**

- गहुँ, मकै, तोरी, पराल बटार्ने मेशिन, धान रोप्ने, गोड्ने काट्ने मेशिन लगायतको खेत जोत्ने ट्याक्टरहरु समेत सदैव उपलब्ध ।
- प्रत्येक ५ विगाहाको ब्लकमा आवश्यक यन्त्रहरुको उपयोग गर्नका राम्रो व्यवस्था छ ।

**सम्पर्क**
पहिलो पाईला बहुउद्देश्यीय सहकारी संस्था लि.
भद्रपुर, झापा
फोन नं. : ०२३-४५५९७०
Email : pahilopahila@gmail.com

# कक्षा ११ को परीक्षा र नतिजा प्रकाशनको अधिकार सम्बन्धित विद्यालयलाई



–सन्दर्भ समाचारदाता

भद्रपुर । कक्षा-११ मा ७० प्रतिशत हाजिर नभएका विद्यार्थी विद्यालयले लिने अन्तिम परीक्षामा सहभागी हुन नपाउने भएका छन् । राष्ट्रिय परीक्षा बोर्डले स्वीकृत गरेको कक्षा ११ को परीक्षा संचालन, व्यवस्थापन, मुल्यांकन तथा नतिजा प्रकाशन एवं प्रमाणीकरण कार्यविधिले यस्तो बन्देज लगाएको हो ।

यो वर्षदेखि कक्षा ११ को परीक्षा संचालन र नतिजा प्रकाशनको अधिकार सरकारले सम्बन्धित विद्यालयलाई नै दिएको छ । परीक्षा संचालन र नतिजा प्रकाशन गर्न सहज होस् भनी राष्ट्रिय परीक्षा बोर्डले कार्यविधि तयार पारेको हो । कार्यविधिले परीक्षा संचालन गरी नतिजा प्रकाशन तथा नतिजामा चित्त नबुझेमा विद्यार्थीले पुनर्योग गर्दा अपनाउनुपर्ने प्रक्रिया समेत व्याख्या गरेको छ ।

# जनस्तरबाट निर्मित पिसिआर ल्याब सञ्चालन अनुमतिको पर्खाइमा



– सन्दर्भ समाचारदाता

कोटीहोम । एकका लागि एक अभियानको पूर्ण सहयोगमा जनस्तरबाट झापाको कनकाई नगरपालिकास्थित कोटिहोमस्थित समर्पण भवनमा पिसिआर ल्याब सञ्चालनका लागि झापाका राजनीतिक दलले सरकारसँग माग गरेका छन् । ल्याब प्रदेश सरकार अन्तर्गत मेची अञ्चल अस्पतालको मातहतमा रहने गरी सञ्चालन हुने छ । पिसिआर ल्याब यही साउन १० गतेभित्र परीक्षणका लागि सरकारलाई हस्तान्तरण गर्ने पर्खाइमा छ ।

बिहीबार ल्याब रहेको भवनमा भएको छलफल कार्यक्रममा नेपाली कांग्रेस झापाका सभापति उद्धव थापा, महासमिति सदस्य देउमान थेवे, जनता समाजवादी पार्टी झापाका अध्यक्षद्वय अनुतसिंह राजवंशी, दिपेन बाला राई, राप्रपा झापाका सचिव केशवराज ओझा, कनकाईका नगर प्रमुख राजेन्द्रप्रसाद पोखरेल लगायतले संघीय र प्रदेश सरकारसँग ल्याब सञ्चालनको अनुमतिका लागि जोडदार माग गरेका हुन् । छलफलमा सहायक प्रमुख जिल्ला अधिकारी उमेश पाण्डे, झापाका निमित्त प्रहरी प्रमुख राकेश थापा, अनारमनीका प्रहरी प्रमुख मुकुन्द रिजाललगायत अभियानका सदस्यहरुको उपस्थिति रहेको थियो ।

पिसिआर ल्याब साउन १० गतेभित्र सञ्चालनका लागि सरकार सकारात्मक बन्नुपर्ने अभियानका संयोजक महेन्द्रकुमार गिरीले बताएका छन् । ल्याब स्थापना हुने समर्पण भवनमा आवश्यक संरचना निर्माण, घेराबारा, वायरिङ, एसीलगायत उपकरण राख्ने टेबल जडान कार्य सकिएको उनले जानकारी दिए । ल्याबका लागि आवश्यक पिसिआर मेसिन, वायोसफ्टी क्याबिनेट, माइनस ८० डिग्रीका फ्रिज, सेन्ट्रिफुगल, आवश्यक किट तथा अन्य सामग्री समर्पण भवनमा आइसकेको सहसंयोजक विनोद बस्नेतले जानकारी दिए । पिपिइलगायत थप किट प्रदेश सरकारले परीक्षण सुरु भएपछि व्यवस्थापन गर्ने बताइएको छ ।

ल्याब स्थापनाका लागि अन्तर र्राष्ट्रिय झापाली समाज र झापा जिल्ला सहकारी संघको समन्वयमा २५-२५ लाख हजार रुपैयाँ प्रदान गरेका छन् भने विभिन्न वित्तीय संस्था तथा व्यक्तिगत र संस्थागत रुपमा सामाजिक संघसंस्थाले रकम सहयोग गरिरहेका छन् । ल्याब स्थापनाका लागि अभियानले १ करोड २० लाख रुपैयाँ संकलन गरिसकेको छ । प्रदेश १ मा संकलन भइरहेको न्यालको नमुना संख्याको तुलनामा ल्याबको अभाव छ । प्रदेश १ को सबैभन्दा बढी कोरोना संक्रमित जिल्ला झापा हो । अब झापासहित इलाम, पाँचथर, ताप्लेजुङ र पूर्वोत्तर मोरङबाट संकलित नमुना परीक्षणमा सहज हुनेछ ।

# केन्द्रीय नेम्बाङ कल्याण समाजको आपत्ति



भद्रपुर । ज्योतिष शास्त्रमा विद्यावारिधि गरेका डाक्टर चन्द्रकुमार शेर्माले किरात लिम्बु जातिका नेम्बाङ,लिङ्देन, योङहाङ लिम्बु नै नभएको भन्दै सार्वजनिक रुपमा अभिव्यक्ति दिएपछि विवादमा तानिएका छन् । काठमाडौंमा हालै एक कार्यक्रममा शेर्माले लिम्बु जातिको थर माथि नै अनर्गल धावा बोलेको भन्दै सम्बद्ध जातिय संस्थाले आपत्ति जनाएका छन् ।

नेम्बाङ कल्याण समाज केन्द्रीय समितिले डा. शेर्माले दिएको विवादस्पद अभिव्यक्तिले सिंगो लिम्बु समुदायहरुमाथि नै चोट पुगेको भन्दै आपत्ति जनाएको हो । समाजका कार्यवहाक अध्यक्ष नगेन्द्र प्रसाद नेम्बाङ र महासचिव विष्णु नेम्बाङले दुई दिन अघि संयुक्त रुपमा विज्ञप्ति निकालेर डा. शेर्माले दिएको अभिव्यक्ति तुरुन्त फिर्ता लिन आग्रह गरिएको उल्लेख छ । आफूलाई ज्योतिष तथा मुन्धुमविद भएको वताउने स्वघोषित डा.शेर्माले प्राप्त गरेको पगरीका बारेमा नै विवाद रहदैआएको छ । समाजले शेर्मा हिन्दुवादी भएको र त्यसैवाट नै उनी परिचालित समेत भई लिम्बु समुदाय माथि विभाजित गराउन उद्दत भएको आरोप लगाईएको छ । शेर्माले प्रमाणहिन कुरा गरेर इतिहासलाई नै चुनौती दिएकाले आगामी दिनमा यस्ता तर्कहीन कुरा गर्ने गद्दारहरुलाई इतिहासले गतिलो पाठ सिकाउने समाजद्धारा जारी विज्ञप्तिमा जनाईएको छ ।

पाँचथर वलनेका शेर्मा किरात धर्म तथा साहित्य उत्थान संघका पूर्व केन्द्रीय अध्यक्ष तथा त्तत्कालीन वलने गाविसका अध्यक्ष समेत हुन् । पछिल्ला एक दशकदेखि उनले काठमाडौंमा ज्योतिषशास्त्र सम्बन्धी काम गरिआएका छन् ।




# पत्रकार शर्माले खोले नागरिक फार्मेसी




भद्रपुर । सर्वसाधारण नागरिकलाई सुलभ ढंगले औषधीय सेवा दिने उद्देश्यले झापा भद्रपुरका सञ्चारकर्मी पंकजकुमार शर्माले शनिबारदेखि नागरिक फार्मेसी सञ्चालनमा ल्याएका छन् ।

दुई दशकभन्दा लामो समयदेखि आयुर्वेदिक स्वास्थ्यमा प्रशस्त अनुभव बटुलिसकेका शर्मा पहिलोपटक एलेपोथिक उपचारजन्य स्वास्थ्यमा संलग्न भएका हुन् ।

भद्रपुरकै युवा व्यवसायी विकास अग्रवालसँगको साझेदारीमा जिल्लाको सदरमुकाम रहेको भद्रपुर ७ को चन्द्रगढीमा नागरिक फार्मेसी सञ्चालनमा ल्याएको शर्माले बताए । लेखनाथ चोकमा आफुले सञ्चालन गर्दै आएको पंकज आयुर्वेदिक औषधालयलाई पनि सोही स्थानमा स्थानान्तरण गरेको उनले बताए ।

'सेवाग्राहीले एउटै छानामुनिबाट दुबै प्रकृतिको स्वास्थ्य सेवा सहज ढंगले प्राप्त गर्न सकून् भन्ने उद्देश्यले दुबै फार्मेसी एकठाउँ राखियो', शकर्माले भने- 'हामी साधारण मानिसले पनि दुबै प्रकृतिका गुणस्तरीय सेवा प्राप्त गर्न सकून् भन्ने चाहन्छौ ।'

शर्माका अनुसार नागरिक फार्मेसीले औषधि व्यवस्था विभागबाट स्वीकृति प्राप्त सबैखाले औषधि सुपथ मूल्यमा सेवाग्राहीलाई उपलब्ध गराउने अर्का सञ्चालक विकास अग्रवालले बताए ।

पहिलो चरणमा १० लाख रुपैयाँ लगानी गरिएको नागरिक फार्मेसीले औषधि मात्र उपलब्ध गराउने नभई, विशेषत्र चिकित्सकको सेवा र ल्याबको सेवा पनि उपलब्ध गराउने सञ्चालक शर्माले बताए । शर्मा हिमालय टेलिभिजनका झापा सम्बाददाता हुन भने झापा उद्योग वाणिज्य संघका महासचिव पनि रहेका छन् ।




–कांग्रेस....

समस्यामा बढी लेखेका छन्। यो पाटोमा बिपी कोइरालाका लेखहरू कम छन् ।

बिपीको 'नेपाल स्टेट हो कि नेसन' भन्ने कुराले विवाद जन्माएको छ । तर पुष्पलालले बढो राम्रोसँग ऐतिहासिक परिप्रेक्ष्यमा व्याख्या गरेका छन् । नेपालमा मातृसत्ता कसरी थियो भन्ने राम्रोसँग उल्लेख गरेका छन् । त्यसैले यी दुइटाको बौद्धिकता एकदम उचाइमा देखिन्छ । यी दुवै कुशल संगठक पनि हुन् । बिपीले प्रजातान्त्रिक समाजवाद भनेर संगठन गरे। पुष्पलालले कम्युनिस्ट पार्टी बनाएर भोकभोकै सिंगो नेपाल घुमेर संगठन गरे। त्यसैले पुष्पलाललाई वामपन्थीहरू सिद्धान्त, संगठन र संघर्षको नेता भन्छन् । पुष्पलालको प्रजातन्त्रप्रतिको प्रतिबद्धता कति गहिरो थियो भने, २०१४ सालको निर्वाचनमा कांग्रेसले ७३ सिट पाउँदा कम्युनिस्ट पार्टीले संसदमा ४ सिट पायो। जब राजा महेन्द्रले संसद विघटन गरे, कांग्रेसले होइन, पुष्पलालले विघटित संसद पुनर्स्थापनाको नारा लामो समयसम्म राखे। उनको त्यो 'विघटित सन्दर्भमा संसद पुनर्स्थापित गर' भन्ने नारा नयाँ सन्दर्भमा लागू भयो। गिरिजाप्रसाद कोइरालाको पालामा हामी सबै वामपन्थी मिलेर विघटित संसद पुनर्स्थापित गर्‍यौं । यसले के देखाउँछ भने उनले मेरो पार्टीको ४ सिट, कांग्रेसको ७३ सिट छ भन्ने हेरेनन् । उनले 'राजाले विघटन गरेको संसद पुनर्स्थापित हुनुपर्छ, तब यो जनआन्दोलनको जित हुन्छ' भने । उनी कुराकानीमा पनि भन्थे( 'छेर बहादुर छेर, यो राजाले खाएको हो, संसद त्यसैले छेर्नुपर्छ ।' उनको अर्को नारा 'संयुक्त जनआन्दोलन गर्नुपर्छ' भन्ने थियो, जुन बिपीले स्वीकार गरेनन्, गणेशमानजीले गरे । २०४६ सालमा त्यो नाराद्वारा हामीले बहुदलीय व्यवस्था पुनर्स्थापित गर्‍यौं । फेरि २०६२।६३ को आन्दोलनमा पनि हामीले संयुक्त जनआन्दोलन गर्‍यौं । अर्थात् माओवादी, अरू वामपन्थी, नागरिक समाज, नेपाली कांग्रेस सबैको नेतृत्वमा हामीले गणतन्त्र ल्यायौं । गणतन्त्रका विषयमा अहिले हामी वामपन्थीहरू गजब व्याख्या गरिरहेका छौं । संसारमा कम्युनिस्ट आन्दोलन कहीँ पनि दोहोरिएको छैन। त्यसैले हामीभित्र अहिले बहस छ( बुर्जुवा क्रान्ति सफल भयो कि भएन ? भयो । त्यो बुर्जुवा क्रान्ति कम्युनिस्टले नेतृत्व गरेको थियो? मूलतः कांग्रेस र वामपन्थीको संयुक्त नेतृत्वमा संयुक्त जनआन्दोलन भयो। गणतन्त्र आयो । त्यसैले बिपी र पुष्पलाललाई हामीले किन पढ्नुपर्छ भने, जुन कालखण्डमा नेपाली राजनीति सुरू भयो, त्यो बेलाका धेरै घटना यिनीहरूले लेखनमा उतारेका छन् । र, नेपालको राजनीतिक इतिहास यिनीहरूलाई नपढी सही ढंगले बुझ्न सकिन्न । बिपी हिसांवादी थिएनन्, हिंसाको सिद्धान्त अस्वीकार गर्थे । तर, आफ्नो जिन्दगीमा उनले दुईपटक बन्दुक उठाए । पुष्पलाल आवश्यक परे वामपन्थीले बन्दुक उठाउनुपर्छ भन्थे, तर झापामा अरूले बन्दुक उठाउँदा 'यो उग्रवादी विचार भयो, ठिक होइन' भनेर अस्वीकार गरिदिए । मान्यताले बन्दुकको विषय स्वीकार गरे पनि उनले जहिले पनि 'संयुक्त आन्दोलनमा वामपन्थी र प्रजातान्त्रिक शक्ति मिलेर अगाडि बढ्नुपर्छ, अरू बाटो छैन' भने । जीवनकालको अन्त्यपछि मात्र उनका विचार लागू हुन पाए। त्यसलाई संयोग मान्नुपर्छ, उनका विचार लागू गर्ने नेतृत्व कांग्रेसका नेता गणेशमान सिंहले गरे । त्यसैले संसारका धेरै इतिहासको तुलनामा नेपालको राजनीतिक इतिहासका केही सौन्दर्य, छटा, घटना र प्रवाहहरू छन् । राजनीतिको प्रवाहमा आउन चाहने नयाँ साथीहरूले बिपी र पुष्पलाललाई पढ्नुपर्छ। यी दुईलाई नपढेसम्म हामी नेपालको समाजलाई ऐतिहासिक ढंगमा राम्रोसँग बुझ्न सक्दैनौं ।



जी.पी. मोटरसाइकल रिकण्डिसन तथा वर्कसप साथै होण्डाको अथोराइज डिलर

हाम्रा सुविधाहरु
१) होण्डा ब्राण्डका नयाँ बाइक तथा स्कुटरको बिक्री
२) सेकेण्डश हेण्ड बाइक तथा स्कुटरको खरिद तथा बिक्री
३) होण्डाको फ्रि सर्भिस
४) जस्तो सुकै ब्राण्डका मोटर साइकल तथा स्कुटरको फल इन्जिन ग्यारेण्टीका साथ बनाइने साथै सुपथ मुल्यमा सर्भिसिङ गरिने
५) सबै प्रकारका बाइक तथा स्कुटर पार्टस, टायर, ब्याट्री, मोबिल सुपथ मुल्यमा पाइने

HONDA

नोट : हामीसंग मनि ट्रान्सफरको पनि सुविधा छ।
१) प्रभु मनि रेमिट २) हिमाल रेमिट ३) वेस्टन यूनियन रेमिट ४) रिलाइबल रेमिट ५) सेन्चुरी रेमिट ६) पानस रेमिट ७) सम्सरा रेमिट ८) युनाइटेड रेमिट ९) मनिग्राम

himal remit MoneyGram WESTERN UNION MONEY TRANSFER

भद्रपुर-७ (चन्द्रगढी), झापा
नविल बैंक छेउ, प्रधान लज अगाडी
सम्पर्क : ९८५२६५५५८२